का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ वैशाख २०८०,
आइतबार
16 April 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ८० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# दलीय स्वार्थमा अल्झियो संसद

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २ वैशाख

प्रतिनिधिसभाको आइतबार बस्ने बैठकको सम्भावित कार्यसूचीमा सरकारले प्राथमिकतामा राखेको भनिएका विधेयकहरु परेका छैनन् । कारण- सरकारले प्राथमिकतामा राखेका विधेयकलाई प्रमुख विपक्षी नेकपा एमाले सहितका दलहरु संसदीय विषयगत समितिमा पठाउनुपर्ने अडानमा छन् । सत्तारुढ दलहरु फास्ट ट्र्याकमा पारित गर्ने प्रयासमा छन् ।

सरकारले फास्ट ट्र्याकमा पारित गर्न चाहेका विधेयकहरु हुन- संक्रमणालीन न्याय सम्बन्धी विधेयक, संवैधानिक परिषद सम्बन्धी विधेयक र सम्पति शुद्धिकरणसम्बन्धी विधेयक । यी तीन वटै विधेयक अगाडि बढाउने प्रक्रियाका बीचमा दलहरुका बीचमा मतैक्य छ । बरु संसदको विजनेशलाई संसदीय विषयगत समिति गठनसँग समेत जोडेर दलहरुले संसदको विजनेशमा कम विषयगत समितिको नेतृत्वमा ज्यादा समय दिइरहेका छन् । परिणाममा संसदको अधिवेशन अन्त्य हुन सकेको छैन । विषयगत समितिहरु पनि गठन हुन सकिरहेको छैन् ।

संसदको विजनेशलाई संसदीय विषयगत समिति गठनसँग समेत जोडेर दलहरुले संसदको विजनेशमा कम विषयगत समितिको नेतृत्वमा ज्यादा समय दिइरहेका छन् । परिणाममा संसद अधिवेशन अन्त्य हुन सकेको छैन ।

संघीय संसद सचिवालयका अनुसार राजनीतिक दलहरुले आफ्ना कुन सांसद कुन समितिमा रहने भनी विवरण संकलन गरिरहेका छन् । संसद सचिवालयका प्रवक्त एकराम गिरी भन्छन्, 'अनौपारिकरुपमा दलहरुलाई कुन सांसद कुन समितिमा रहने हो विवरण उपलब्ध गराउन भनेका छौं । केही दलले बुझाइसकेका छन् ।' सबै दलहरुको विवरण प्राप्त भएपछि संसदीय विषयगत समिति गठनले औपचारिक पाउने प्रवक्ता गिरी बताउँछन् ।

कुन सांसद कुन समितिमा रहने भनी विवरण संकलन गरिरहँदा राजनीतिक दलहरुले मिनी संसदको नेतृत्वमा आँखा लगाएका छन् । आफूलाई यति वटा समितिको नेतृतव चाहिन्छ भनेर बार्गेनिङ शुरु गरेका छन् ।

नेकपा एमाले सभामुख आफ्नो भएकाले भविष्यमा समेत सरकारसँगको सहकार्यलाई सहज बनाइराख्न सत्तारुढ दलहरुले मिनी संसदको नेतृत्वमा एमालेलाई भाग दिनुपर्ने भनी बार्गेनिङ गरिरहेको छ । नेकपा एमालेका प्रमुख सचेतक पदम गिरीका अनुसार एमालेले चार वटा समितिको नेतृत्वमा दाबी प्रस्तुत गरेको छ ।

'संसद जनताको जनमत अनुसारको प्रतिनिधित्व भएको थलो हो । त्यसभित्र रहने संयन्त्रहरुमा पनि दलीय उपस्थितिका आधारमा प्रतिनिधित्व हुनुपर्दछ' एमालेका प्रमुख सचेतक गिरीले भने ।

प्रतिनिधिसभा नियमावली २०७९ अनुसार १० वटा विषयगत समिति गठन हुनेछन् । त्यसमध्य सार्वजनिक लेखा समितिको नेतृत्व प्रतिपक्षी दलको हुने अभ्यास छ । सार्वजनिक लेखा समितिसहित ४ वटा समिति सभापति आफूहरुले पाउनुपर्ने एमालेको दाबी छ ।

तर, ०७४ को चुनावपछि एमाले नेतृत्वमा सरकार हुँदा सत्तारुढ दलहरुले लेखा समिति बाहेक कुनै पनि समितिको नेतृत्व विपक्षी दललाई दिएको थिएन । यसपटक विगतको आफ्नै अभ्यास बिर्सेर एमाले सदन जनताको म्यान्डेड अनुसारको उपस्थिति रहने थलो भएको तर्क गर्दै समितिको नेतृत्वमा दाबी प्रस्तुत गरिरहेको छ ।

सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र भने कुन समितिको नेतृत्व कसले लिने भनेर औपचारिक छलफल हुनै बाँकी रहेको जवाफ दिएको छ । 'समितिमा रहने सदस्यहरुको टुंगो लगाऔं । त्यसपछि नेतृत्वको विषयमा छलफल गरौंला भन्ने छ' नेपाली कांग्रेसकी सांसद इश्वरी देवी न्यौपाने भन्छिन् । उनका अनुसार विगतको अभ्यासलाई समेत ख्याल गरेर मिनी संसदको नेतृत्व चयन गर्ने विषय नै सत्तारुढ दलहरुको प्राथमिकतामा छ ।

समिति गठन भएपछि नेतृत्व चयन प्रक्रिया शुरु हुन्छ । सहमति नजुटे बहुमतका आधारमा नेतृत्व चयन गर्ने कानूनी व्यवस्था छ । संसदमा सत्ता पक्षको बहुमत हुने भएकाले संसदीय विषयगत समितिमा पनि सत्तापक्षकै बहुमत हुन्छ ।

बहुमतका आधारमा सभापति चयन गर्ने अभ्यास विगतमा पनि हुँदै आएका छन् । तर, बहुमतको आधारमा प्रमुख प्रतिपक्षी दललाई एउटा समिति सभापतिमा सीमित गर्ने अभ्यास उचित नभएको एमालेको तर्क छ । 'बहुमतको आधारमा सबै समिति सभापति सत्ता पक्षले लिने कुरा लोकतन्त्र हुन सक्दैन' गिरी भन्छन, 'संसदमा उपस्थित जे छ त्यस अनुसार विषयगत समितिको पनि नेतृत्व हुनुपर्दछ ।' यस्तै तर्कसहित, प्रमुख प्रतिपक्षी नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतका दलहरुले निरन्तर आफ्नो दाबी सार्वजनिक गरिरहेका छन् ।

राप्रपा र रास्वपाले प्रतिनिधिसभा अन्तर्गतको १० वटा विषयगत समितिमध्ये दुई/वटा समितिको नेतृत्व माग गरेको छ । 'हाम्रो स्ट्रेन्थ अनुसार दुई वटा समिति सभापति माग गरेका छौं', रास्वपा संसदीय दलका प्रमुख सचेतक सन्तोष परियारले भने, 'सत्तारुढ दलहरुबीच हुने समझदारी अनुसार हामीले लिने समिति सभापतिको नेतृत्वको विषय टुंगो लाग्छ ।'

राप्रपाले पनि दुईवटा संसदीय समितिको सभापतिमा दाबी प्रस्तुत गरेको छ । राप्रपा संसदीय दलका प्रमुख सचेतक ज्ञानबहादुर शाही आफ्नो पार्टीले दुईवटा सभापति पाउनुपर्ने बताउँछन् । राप्रपा प्रतिनिधि सभाको पाँचौ ठूलो दल र दोस्रो ठूलो प्रतिपक्षी दल भएको भन्दै उनी दुई समितिको सभापति पाउनु आफूहरुको अधिकार भएको कताउँछन् । उनी भन्छन्, >>> पृष्ठ २ मा

## प्रवासी नेपालीलाई मताधिकार
# कानून निर्माण सुस्त



*प्रवासी नेपालीलाई भर्चुअल सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड । तस्विर : प्रदीपराज वन्त/रासस*

सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश सपना प्रधान मल्ल र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले २०७४ चैत ७ मा विदेशमा रहेका नेपालीहरुलाई विदेशमै मतदानको अधिकार सुनिश्चित गर्न ६ बुँदे निर्देशनात्मक आदेश दिएको थियो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ वैशाख

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विदेशमा रहेका नेपालीहरुलाई पनि मताधिकारको अधिकार दिने बताएका छन् । नेकपा (माओवादी केन्द्र) प्रवास समन्वय समितिको भर्चुअल कार्यक्रमलाई सम्बोधन गर्दै उनले भनेका छन्, 'प्रवासमा रहेका नेपालीहरुलाई आफैं बसेको देशबाट मताधिकार गर्न पाउने व्यवस्था गरिने छ ।' तर, प्रवासी नेपालीलाई मताधिकार दिने विषयमा कानून बनेको छैन् ।

प्रवासी नेपालीलाई मताधिकार दिने गरी कानून बनाउने विषयमा भने प्रधानमन्त्री प्रचण्ड मौन रहे । अर्थात, प्रवासी नेपालीलाई मताधिकार दिने विषयमा आश्वासन दिने क्रम जारी छ । राजनीतिक दलहरुले चुनावी घोषणा पत्र र सरकारको न्यूनतम कार्यक्रममा समेत यो विषयलाई समेट्दै आएका छन् । तथापि, कानून निर्माणमा भने राजनीतिक दलहरुको ध्यान जान सकेको छैन् । सर्वोच्च अदालतले विदेशमा रहेका नेपालीलाई मताधिकारको व्यवस्था गर्न २०७४ चैत ७ गते आदेश गरेको थियो ।

सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश सपना प्रधान मल्ल र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले २०७४ चैत ७ मा विदेशमा रहेका नेपालीलाई विदेशमै मतदानको अधिकार सुनिश्चित गर्न ६ बुँदे निर्देशनात्मक आदेश दिएको थियो ।

विदेशमा रहेका नेपालीलाई निर्वाचनमा मताधिकार सुनिश्चितता हुने व्यवस्था गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, व्यवस्थापिका संसद्, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, कानून मन्त्रालय र निर्वाचन आयोगका नाममा आदेश जारी गरेको थियो । आदेश अनुसार कानून निर्माणको प्रक्रिया >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# विज्ञबाट प्रविधि प्रणाली परीक्षण गराउन विभागलाई महालेखाको सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ वैशाख

वैदेशिक रोजगार प्रशासनलाई प्रविधीकरण गर्ने योजना बनाएको वैदेशिक रोजगार विभागलाई महालेखाले विज्ञबाट प्रणाली परीक्षण गराउन सुझाव दिएको छ । ७० को दशकको प्रारम्भदेखि विभागले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) प्रविधिको प्रयोग गर्न शुरू गरेको हो । तर विभागले सञ्चालन गरिरहेको प्रणालीप्रति वैदेशिक रोजगार व्यवसायीहरुले गुनासो गर्दै आएका छन् ।

महालेखाको पछिल्लो प्रतिवेदनमा कतार प्रहरीमा रोजगारी मागपत्रबारे भएको छानबिन प्रतिवेदन उद्धृत गर्दै भनेको छ, 'वैदेशिक रोजगार विभागले कतार प्रहरीमा रोजगारीको मागपत्रबारे छानबिन प्रतिवेदनमा सोसहित अन्य लटहरूमा लजिकल इररका कारण अटोमेटिक एप्रुभ भएको निष्कर्ष निकालेको छ । विभागले सञ्चालन गरेको सिष्टम सञ्चालनमा हुनसक्ने अनियमितता पहिचान गरी नियन्त्रण गर्न नियमितरूपमा विज्ञहरूबाट सिष्टम परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्छ ।'

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले अनलाइन प्रणालीबाट प्रवाह गरिएको सार्वजनिक सेवाले परिणाम दिएपछि समग्र वैदेशिक रोजगार प्रशासनलाई डिजिटलाइजेशन अर्थात् प्रविधीकरण गर्ने बताएका छन् । तर महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले औंल्याएजस्तै प्रणालीमा कमजोरी रहेको वैदेशिक रोजगार व्यवसायीहरूले बताउने गरेका छन् ।

व्यवसायीहरुले विभागले प्रयोगमा ल्याएको प्रविधि पनि नियन्त्रणमुखी रहेको वैदेशिक रोजगार ऐन २०६४ का प्रावधानमा आधारित रहेको गुनासो गरिरहेका छन् । प्रविधि अर्थात् अनलाइन प्रणाली सेवाग्राही र व्यवसायीभन्दा कर्मचारीमैत्री 'नियन्त्रणकारी' रहेकाले निरन्तर अनावश्यक झन्झट झेल्नुपरेको व्यवसायीको गुनासो छ । वेबसाइट समय-समयमा अपडेट नगर्दा दर्जनौं म्यानपावर व्यवसायीको नामसमेत समावेश नगरिएको कतिपय व्यवसायीको भनाइ छ ।

# आजदेखि व्यवसायीलाई दुई दिने अनिवार्य तालिम

काठमाडौं/मस- वैदेशिक रोजगार बोर्ड सचिवालयले नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँगको समन्वयमा आइतबारदेखि दुई दिने व्यावसायिक क्षमता अभिवृद्धि प्रशिक्षण कार्यक्रम राखेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले उद्घाटन गर्ने तालिम कार्यक्रममा मन्त्रालयका सचिव एकनारायण अर्याल, वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्य विशेष अतिथिका रूपमा रहने छन् ।

बिहान ९ बजेदेखि शुरू गरिने कार्यक्रम व्यवसायीहरूका लागि विशेष महत्वको रहेको संघका सचिव कर्णराज कटुवालले बताए । तालिममा सहभागी व्यवसायीलाई तालिमको प्रमाणपत्र प्रदान गरिने र भविष्यमा वैदेशिक रोजगार विभागलगायतका संस्थाले सञ्चालन गर्ने तालिममा उक्त प्रमाणपत्र अनिवार्य हुने व्यवस्था गरिएकाले व्यवसायीहरूलाई तालिममा अनिवार्यरुपमा सहभागी हुन आमन्त्रण गरिएको उनले बताए ।

व्यावसायिक क्षमता अभिवृद्धि प्रशिक्षण कार्यक्रम आइतबार र सोमबार दुई दिन सञ्चालन गरिने संघले बताएको छ ।

## प्रशिक्षण कार्यक्रम सम्बन्धी सूचना

**आदरणीय व्यवसायीज्यूहरु,**

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार बोर्ड सचिवालयको आयोजना तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको समन्वयमा सञ्चालन हुने २ दिने व्यावसायिक क्षमता अभिवृद्धि प्रशिक्षण कार्यक्रमको उद्घाटन माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरदसिंह भण्डारीज्यूको प्रमुख आतिथ्यता एवम् श्रीमान् सचिव एकनारायण अर्यालज्यूको विशेष आतिथ्यतामा हुने जानकारीका लागि अनुरोध छ । प्रशिक्षण कार्यक्रममा सहभागी हुनुहुने संस्थाका सञ्चालकज्यूहरुलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्रमाण पत्रसमेत प्रदान गरिने र भविष्यमा सरकारी मातहतबाट सञ्चालित गराइने प्रशिक्षण कार्यक्रमहरुमा उक्त प्रमाण पत्र अनिवार्य रहने कुराको अवगत गराउँदै सम्पूर्ण व्यवसायीज्यूहरुलाई अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।**

**कार्यक्रम विवरण**

**मिति:** २०८० वैशाख ३ गते, आइतबार

**समय:** बिहान ८:०० बजे

**स्थान:** अनुपम फुडल्याण्ड बत्तीसपुतली काठमाडौं

**मेघनाथ भुर्तेल**
महासचिव
एवम्

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

# अमेरिकामा मिथिला संस्कृति तथा पर्व दिवस घोषणा

**किशोर पन्थी/मध्यान्ह**
अमेरिका, २ वैशाख

अमेरिकाको न्यूयोर्क सिटीमा दिगो विकास लक्ष्यका साथ मिथिला महोत्सव शुरु भएको छ। अप्रिल १४ देखि १६ सम्म चल्ने महोत्सवको उद्घाटन गर्दै न्यूयोर्क सिटीका मेयर एरिक आडम्सले अप्रिल १५ लाई मिथिला संस्कृति तथा पर्व दिवस घोषणा गरेका छन् । विश्वभरका आप्रवासीहरूको पुस्ताले न्यूयोर्कमा अमूल्य योगदान पुऱ्याएको भन्दै दक्षिण एसियाली अमेरिकीहरूको उल्लेख्य जनसंख्या भएको शहरको नेतृत्व गर्न पाउँदा खुशी लागेको मेयर आडम्सले बताए । साथै उनले मिथिला सेन्टर अमेरिकाले ज्याक्सन हाइट्सको डाइभर्सिटी प्लाजामा आफ्नो वार्षिक उत्सव आयोजना गर्दा नेपाली र भारतीय न्यूयोर्कवासीहरूसँग सामेल हुन पाउँदा खुसी लागेको बताए ।

क्वीन्समा नेपाली समुदायका लागि अभियानकर्ता अमित प्रताप शाहले २०२१ मा स्थापना गरेको मिथिला सेन्टर उत्तरी भारत र दक्षिणी नेपालका मिथिला क्षेत्रका मानिसहरूको समृद्ध संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्न समर्पित भएको घोषणामा उल्लेख भएको बताए ।

हिमालयको यस क्षेत्रले प्राचीन नेपाली र भारतीय परम्परालाई महाकाव्य रामायण र अन्य हिन्दू साहित्यको ज्ञान र कथाहरूसँग जोडेको तथा विशेष गरी कला र चित्रकलाको शताब्दी पुरानो परम्पराको लागि परिचित रहेको घोषणामा जनाइएको छ ।

यो वर्षको महोत्सवले संयुक्त राष्ट्र संघको १७ दिगो विकास लक्ष्यमध्येको पाँचौं लैङ्गिक समानताको मर्ममा रहेको र यसमा मिथिलाका महिलाहरुका




कलाकृतिहरु प्रस्तुत हुने मेयरको घोषणामा उल्लेख छ ।

यसले विक्रम संवत्को हिन्दू नयाँ वर्ष र प्राचीन हिमालयन राजाको सम्झनामा सलहेश जयन्ती पनि मनाउने तथा यस भव्य कार्यक्रमको लागि आफूले मिथिला सेन्टर र यसका सहयोगीहरुको सकारात्मक परिवर्तनको प्रतिवद्धताको प्रशंसा गर्ने मेयर आडम्सले घोषणामा उल्लेख गरेका छन् ।

उद्घाटन कार्यक्रममा अमेरिकी संसदको प्रतिनिधिसभा सदस्य ग्रेस मेङ, न्यूयोर्क राज्य संसदमा प्रतिनिधित्व गर्ने सांसदहरु जोन लिउ, जेनिफर राजकुमार, क्याटलिना क्रुज, न्यूयोर्क सिटी काउन्सिल स्पीकर एडरिन आडम्स लगायतले मिथिला महोत्सवको सफलताका लागि शुभकामना व्यक्त गरेका थिए। त्यस्तै जनकपुरधामका मेयर मनोजकुमार साह, लहानका मेयर महेशप्रसाद चौधरी, न्यूयोर्क राज्य गभर्नरका डेपुटी निर्देशक सिबु नायर, भारतीय महावाणिज्यदूत रणधीर जैसवाल, नेपाली कार्यवाहक महावाणिज्यदूत विष्णुप्रसाद गौतम, न्यूयोर्क सिटी डिस्ट्रिक्ट लिडर डाक्टर निता जैन, न्युजर्सीको गभर्नरकी एएपीआई कमिश्नर डाक्टर विष्णुमाया परियार, न्यूयोर्क सिटी मेयरका एसियन अफेयर सल्लाहकार नवराज केसी, पूर्व कुटनीतिज्ञ डाक्टर रामबाबु ढकाल, पत्रकार किशोर पन्थीलगायतले महोत्सव सफलताको शुभकामना दिएका थिए ।

मिथिला सेन्टरका संस्थापक सदस्य तथा सल्लाहकार नवल यादव र संस्थापक अध्यक्ष अमित शाहले संयुक्त रुपमा कार्यक्रमको संचालन गरेका थिए ।

महोत्सवका क्रममा अप्रिल १५ शनिबारका दिन ९ कलाकारहरुको कलाकृति प्रदर्शन गरिएको छ । ९ कलाकारमध्ये ८ जना महिला रहेका छन् । छनोट गरिएका कलाकारहरुमा भगवती सिंह, पूजा सिंह, शैलो यादव, शैली झा, शिभंगी सिंह, श्याम सुन्दर यादव, सुमित्रा यादव, सुनैना कर्ण र उषा कर्ण रहेका छन् ।

प्रदर्शनीका लागि नेपाल, भारत र अमेरिकामा रहेका कलाकारको कलाकृति छनोट गरिएको मिथिला सेन्टर अमेरिकाका संस्थापक अध्यक्ष र मिथिला महोत्सव अमेरिकाका आयोजक अमित प्रताप शाहले जानकारी दिए । अधिकांश महिला सहभागी कलाकारहरु दुर्गम ग्रामीण क्षेत्रबाट रहेको र यसवर्ष महिला उद्यमशीलतालाई प्रवर्द्धन र आर्थिक सहयोग गर्नुसमेत आफूहरुको उद्देश्य रहेकोले कार्यक्रममा सहभागी भइ कलाकारहरुको कलाकृति किनेर सहयोग गरिदिनुहुन शाहले अनुरोध गरेका छन् ।

मिथिला सेन्टर र अपन फाउण्डेसन युएसएबाट आयोजित मिथिला महोत्सव अमेरिका २०२३ मा मिथिला कला र संस्कृतिको प्रवर्द्धन र प्रदर्शन गर्नुका साथै मिथिला कलाको माध्यमबाट संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्यको प्रदर्शन गर्ने निरन्तर प्रयास स्वरुप कार्यक्रम आयोजना गरिएको आयोजकको भनाइ छ ।

प्रथम मिथिला महोत्सव ४ वर्ष अगाडि सन् २०१९ को अप्रिलमा संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा चित्रकला प्रदर्शनीसँगै सम्पन्न भएको थियो । मिथिला महोत्सव र कला प्रदर्शनीको आयोजना गर्दा अमेरिका तथा अन्य राष्ट्रहरूमाझ सांस्कृतिक पर्वको रूपमा मनाउने मात्र नभई संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य हासिल गर्ने सन्दर्भमा समेत मिथिला सम्पदाबाट हुनसक्ने योगदानबारे सामुदायिक चेतना बढाउन पनि सहयोग पुग्ने आयोजकको विश्वास छ ।

अप्रिलको १४ र अप्रिल १५ मा भर्चुअल कार्यक्रम भएपनि अप्रिल १६ को दिन भने न्यूयोर्कको ज्याक्सन हाइटको डाइभर्सिटी प्लाजामा ४ बजे देखि ७ बजे सम्म सांस्कृतिक कार्यक्रमको आयोजना गरिने छ। उक्त दिन मिथिला लोक राजा सलहेश जयन्ती समारोह, नव वर्ष तथा जुड़ शीतल चाड र बाल चित्रकला कार्यशाला गोष्ठी, प्रदर्शनी र पुरस्कार वितरण कार्यक्रमहरू पनि गरिनेछ ।

दक्षिण एसियामा मिथिला संस्कृतिले आफ्नो एक विशेष संस्कृतिको पहिचान बनाएको छ । रामायण र अन्य हिन्दू साहित्यमा वर्णन गरिएझैं प्राचीन नेपाली र भारतीय संस्कृतिको मिश्रण मिथिला संस्कृति हो । देवी सीता र भगवान रामको जीवन गाथाले यससंस्कृतिमाविशेष महत्व ओगटेको छ। हजारौं वर्षअघि मिथिला राज्यको राजधानी रहेको जनकपुरधाम जन्मभूमि भएकी सीताको विवाह अयोध्याका राजकुमार भगवान रामका साथ सम्पन्न भएको थियो।

मिथिला संस्कृति एक जीवन्त संस्कृति पनि हो । किनकि नेपाल र भारत एवं अन्य देशहरुमा बस्ने मिथिला समुदायका व्यक्तिहरुले आफ्नो सांस्कृतिक मूल्य र मान्यताहरुलाई दैनिक जीवन र व्यवहारमा अंगालेका छन् । यसप्रकारले यस समुदायले आफ्नो धार्मिक, सामाजिक तथा सांस्कृतिक सम्पदालाई समृद्धशाली बनाउन योगदान गर्दै आएको र मानवता, मित्रता, शान्ति र समृद्धिको मूल्यमान्यताको प्रवर्द्धन गरेको छ । अमेरिकाको न्यूयोर्क र न्यूजर्सीमा लगायत विभिन्न राज्यहरूमा समेत हजारौंको संख्यामा मिथिला समुदायका व्यक्तिहरु दशकौंदेखि बसोबास गर्दै आएका छन् ।

मिथिला कला संसारभर प्रख्यात छ । महिला कलाकारहरुको विशेष योगदानले नै मिथिला चित्रकला विभिन्न रुपमा शताब्दीऔंदेखि अस्तित्वमा छ । घरको भित्तामा बनाइने चित्रकलाका लागि महिला कालाकारहरु प्रख्यात छन् र सो सम्बन्धी ज्ञान उनीहरुबाट नै नयाँ पुस्तामा हस्तान्तरण हुँदै आएको छ। मिथिला कलाले पौराणिक र धार्मिक विषयहरुका अतिरिक्त सामाजिक टिप्पणी र सजावट सम्बन्धमा पनि प्रस्तुत गर्दछ ।

# तीर्थमालीलाई गोली लाग्नु दुर्घटनाः प्रहरी

**काठमाडौं/मस–**नेपाल प्रहरीले नेकपा(माओवादी केन्द्र)का नेता वर्षमान पुनकी आमा तीर्थमाली पुनमगरलाई गोली प्रहार गर्नाका कारण दुर्घटना भएको बताएको छ ।

उक्त घटनाको प्रहरीले अनुसन्धान गरिरहेको छ । घटनामा संलग्न प्रहरी सहायक हबल्दार प्रकाश पुनमगरलाई शनिबार बिहान प्रहरीले बागडोलबाट पक्राउ गरी प्रहरी प्रधान कार्यालयस्थित नं १ गणमा आन्तरिक थुनामा राखेको छ ।



प्रकाशले नियतवश गोली नचलाएको प्रहरीको प्रारम्भिक अनुसन्धान निष्कर्ष रहेको जनाइएको छ । प्रारम्भिक अनुसन्धानबाट 'दुर्घटना' भएको देखिएको नेपाल प्रहरीका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक दीपेन्द्र जिसीले बताए ।

उनले भने,'प्रारम्भिक अनुसन्धानबाट नियतवश गोली हानेको जस्तो देखिँदैन, यो दुर्घटना हो, यस विषयमा थप अनुसन्धान भइरहेको छ ।' प्रधान न्यायाधीशका सुरक्षा टोलीमा कार्यरत प्रहरी सहायक हबल्दार पुनमगरसँग प्रहरी प्रधान कार्यालयले उपलब्ध गराएको चाइनिज 'टाइप-५४' पेस्तोल साथमा थियो ।

सोही पेस्तोलबाट शनिबार राति एक राउन्ड फायर भएको भेटिएको प्रहरीले जनाएको छ । शनिबार राति नयाँ वर्ष मनाउन ७४ वर्षीया हजुरआमा तीर्थमालीको निवास बालुवाटार गएका प्रकाश गोली चलेपछि भागेका थिए । पेस्तोलबाट फायर भएपछि डरले उनी त्यहाँबाट भागेको अनुसन्धान अधिकृतहरू बताउँछन् । नयाँवर्ष मनाउने क्रममा पारिवारिक जमघटमा वर्षमान पुनका भाइहरू पनि सहभागी रहेका प्रहरीले जनाएको छ ।

# रौतहटमा गोली चल्यो, एक जनाको मृत्यु

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २ वैशाख

रौतहटको गढीमाई नगरपालिकामा गोली चलेको छ । गढीमाई नगरपालिका-८ धोबिनियामा जग्गासम्बन्धी विवादका क्रममा दुई पक्षबीचको झडपमा गोली चल्दा एक जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी उपरीक्षक वीरबहादुर बुढामगरले मध्यान्हलाई जानकारी दिए ।

गोली लागेर मृत्यु हुनेमा धनगढीमाई नगरपालिका ८ का रामकुमार राय रहेका छन् । गोली लागेर घाइते भएका उनलाई उपचारका लागि वीरगञ्ज पठाइएकोमा बाटोमै मृत्यु भएको एसपी बुढामगरले बताए । गढीमाई नगरपालिकाले निर्माण गरिरहेको बाटोका विषयमा विवाद हुँदा १२ बोरको बन्दुकबाट गोली प्रहार भएको प्रहरीको भनाइ छ ।

यस्तै उक्त झडपमा अन्य ३ जना घाइते भएका छन् । घाइते हुनेहरुमा स्थानीय रामप्रताप यादव, कपिलदेव राय यादव र निरञ्जन यादव रहेका छन् । उनीहरुको अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न रहेको आशंकामा ५ जनालाई नियन्त्रणमा लिइएको एसपी बुढामगरले जानकारी दिए । घटनामा प्रयोग भएको १२ बोरको हतियार बरामद गरिएको र घटनाको अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय गरुडाबाट डीएसपीको टोली खटाइएको उनले बताए ।

## प्रवासी...

भने शुरु भएको छैन। संघीय संसद् सुरु भएपछि ७२ वटा विधेयक प्रमाणित भएर कानून बनिसकेका छन् तर सरकारले विदेशमा रहेका नेपालीलाई मतदानमा सहभागी गराउनेसम्बन्धी प्रावधान राखेर कुनै पनि विधेयकको मस्यौदा बनाएको छैन ।

सर्वोच्चले विदेशमा रहेका नागरिकलाई निर्वाचनमा सहभागी गराउँदा आउन सक्ने चुनौतीको पहिचान गर्दै समाधानको बाटो पहिल्याउन आवश्यक पर्ने कानून निर्माणका लागि विधेयक अघि बढाउन सरकारलाई भनेको थियो ।

'अब हुने निर्वाचनहरूमा विदेशमा रहेका नेपाली नागरिकले भाग लिन पाउने सार्थक अवस्था सिर्जना गर्न आवश्यक स्रोत सामग्री, प्रविधि, संरचना तथा व्यवस्थापनका लागि आवश्यक तयारी गरी मतदान गर्न सक्नेसम्मका अवस्था सुनिश्चित गर्न आवश्यक र उपयुक्त पहल गर्नू गराउनू,' आदेशमा थियो । सर्वोच्चले विदेशमा रहेका नेपालीको वास्तविक लगत संकलन तत्काल सुरु गरेर आउँदो निर्वाचनमा मतदानमा सहभागी गराउन आदेश दिएको थियो ।

विज्ञहरुले विदेशमा रहेका नेपालीलाई दूतावासमा मतदान केन्द्र राखेर, अनलाइन र हुलाकमध्ये एउटा विधिबाट मतदानमा सहभागी गराउन सकिने सुझाउँदै आएका छन् । यही प्रावधानमा टेकेर निर्वाचन सञ्चालन व्यवस्थापनसम्बन्धी विधेयकको प्रारम्भिक मस्यौदा तयार गरेको निर्वाचन आयोगा अधिकारीहरु बताउँछन्। आयोगले १० वटा ऐनलाई चार वटामा सीमित गर्ने गरी एकीकृत ऐनको प्रस्ताव गरेको छ । यही मस्यौदामा विदेशमा रहेका नेपालीलाई पनि मतदानमा सहभागी गराउने प्रावधान समेटिएको छ । अहिलेको कानूनमा विदेशमा रहेका नेपालीको मतदाता नामावली संकलनसमेत गर्न मिल्दैन । 'मतदाता नामावली संकलन गर्न पनि कानूनले बाटो खोल्नुपर्ने भएकाले त्यसको खाका बनाइसकेका छौं, क्याबिनेटले स्वीकृत गरेपछि प्रक्रिया अघि बढ्छ,' निर्वाचन आयोगका एक अधिकारीले भने ।

नेपालीहरू शिक्षा, रोजगारी, कूटनीतिक सेवा, व्यापारका लागि विदेश गएका छन् । नेपालको कुल मतदाताको झन्डै २० प्रतिशत विदेशमा रहेको अनुमान छ । केहीले नेपाली नागरिकता त्यागेर सम्बन्धित देशकै नागरिक लिइसकेका छन्। विदेशमा रहेका नेपालीको मतदाता नामावली संकलन गर्दा दोहोरो नागरिकता लिएका व्यक्ति पनि सहभागी हुन सक्ने आयोगले आकलन गरेको छ। कानूनी आधार पूरा भएपछि अनलाइनबाट नामावली संकलन गर्न आन्तरिक तयारीसमेत भइरहेको आयोगले जनाएको छ। सर्वोच्च अदालतले विदेशमा बसेको भए पनि नेपाली नागरिकता नत्यागेको र अन्य कुनै पनि देशको नागरिकता नलिएको, मतदानका लागि कानूनबमोजिमको उमेर पूरा भई मतदाता परिचयपत्र भएको, विदेशमा रहेका नागरिकहरूको सम्बन्धमा कूटनीतिक निकायले तयार गर्ने लगतमा अद्यावधिक भएकालाई योग्य मान्न आदेश दिएको थियो ।

संविधानको धारा ८४ को उपधारा ५ मा अठार वर्ष पूरा भएका प्रत्येक नेपालीलाई संघीय कानूनबमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकारको व्यवस्था गरिएको छ। यसबाहेक हरेक तहको निर्वाचनमा मतदानमार्फत सहभागी हुन पाउने हक संविधानले संरक्षण गरेको छ। तर, विदेशमा रहेका नेपालीलाई मताधिकार दिने विषयमा राजनीतिक दल र सरकारको कानून निर्माणमा कम चासो र आश्वासनमा ज्यादा रहेको स्वयम राजनीतिक दलका कतिपय नेताहरु स्वीकार गर्छन ।

## दलीय...

'राष्ट्रिय दल र पाँचौ ठूलो दल भएका हिसावले दुईवटा समितिमा हाम्रो दाबी हुन्छ ।'

प्रतिनिधिसभा नियमावली २०७९ अनुसार प्रतिनिधिसभामा १० वटा विषयगत समिति रहन्छ। राष्ट्रिय सभा र प्रतिनिधि सभा दुवैको संयुक्त समिति दुई वटा रहन्छ ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७९/११/१६ गते साँझ १९:०० बजेको समयमा गोदावरी ठैव ललितपुरबाट पार्किङ गरी राखेको बा.प्र. ०२, ०१५ प ६८३६ नम्बरको सिल्भर रङ्गको रोयल ईन्फिल्ड Classic 350 CC को मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

नाम : अमर लामा बोम्जन
च्यासिस नं : ME3U3S5C2LB889970
इन्जिन नं : U3S5C1LB249056

**मलेसियामा रोजगारको अवसर |**

कम्पनी: ATLAS EDIBLE ICE SDN. BHD.
शहर: JALAN

पूर्व स्वीकृत मितिः २०७९/११/३० | चलानी नं.: ६०२०००९२ | LT. No.: 284612

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १० गते (23 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**फ्रेन्डशिप म्यानपावर कन्सल्टेन्सी प्रा. लि.**
इजाजत पत्र नं. ३९८/०६०/०६१
बसुन्धारा-३, काठमाडौं, नेपाल फोनः ५९०४९५५, फ्याक्सः ४४३४४६६
Email: info@friendshipmanpower.com | Web.: www.friendshipmanpower.com

**मलेसियामा रोजगार**

कम्पनी : RESTORAN SEMBILAN SEMBILAN KULAI
शहर : JOHOR

पूर्व स्वीकृत मितिः२०७९/१२/३० | चलानी नं.:६०२०००६३ | LT. No.: 284556

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 15 | 0 | स. काममा दक्ष | 1500 | ४४,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० बैशाख १० गते (23 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Seven Seas Intercontinental Services Pvt. Ltd.**
Lic No.888/067/068
दाई कम्प्लेक्स, गुहेश्वरी, काठमाडौं, Phone : 01- 5107440
Mobile: 9801650007, 9801650001, 9801650009, 9801650002, 9801650003, 9801122224
E-mail : info@smanpower.com / Web.: www.smanpower.com

**लेकवेशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कल्याण, सुर्खेत**
**कर्णाली प्रलेश, नेपाल**

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः- २०७९/१२/३०**

प्रस्तुत विषयमा यस कार्यालयको लागि तपशिल बमोजिमका पदमा कर्मचारी सेवा करारमा पदपूर्ति गर्नेपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा निःशुल्क दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः-**

| क्र. स. | विज्ञापन नं. | विज्ञापन करारमा लने पद | तह | माग संख्या | न्यूनतम शैक्षित योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | 8/079/80 | एम.आई.एस. अपरेटर | पाँचौ | २ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्युटर विषय लिइ उतिर्ण गरेको वा कम्तिमा प्रविणता प्रमाण-पत्र तह वा सो सरह उत्तिर्ण गरी ६ महिना कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरको। | निशुल्क |

१. **आवेदन साथ संलग्न गर्ने पर्ने कागजातहरु**
- उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि
- नेपाली नगरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि
- कार्य अनुभव भएमा सो को प्रमाण-पत्रको प्रतिलिपि
- पासपोर्ट साइजको फोटो २ प्रति

**(पेश गरेका सम्पूर्ण कागजातको पछाडि उम्मेवार स्वंमले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्नेछ ।)**

२. **उमेरको हदः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
३. **दरखास्त दिने स्थानः** लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कल्याण, सुर्खेत ।
४. **दरखास्त दिने म्यादः** २०८०/०१/१४ गतेसम्म ।
५. **आवेदन दस्तुर बुझाउने स्थानः** लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कल्याण, सुर्खेत ।
६. **परिक्षा मितिः** दरखास्त संकलन पछि सूचना गरिनेछ ।
७. **छनौट पद्वतीः** छोटो सूचि, कम्प्यूटर सिप (प्रयोगात्मक) र अन्तरवार्ता ।
८. **थप जानकारीका लागिः** 9848299551 सम्पर्क गर्न सकिने र www.lekbeshimun.gov.np हेर्न सकिने ।

**प्रमुख प्रशासकीय अधिकृत**

**राप्ती सोनारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अगैया, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**प्रकाशित मितिः २०८०/०१/०३**


यस कार्यालयबाट मितिः २०७९/१०/२० मा विद्युतिय खरिद प्रणालिबाट आह्वान भएको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमका बोलपत्रदाताहरुको न्यूनतम कबोल अंक सारभुत रुपमा प्रभावग्राही भएको हुदा स्वीकृतिको लागी छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १ | RSRM/GOODS /079-80/01 | साना सिंचाई कार्यक्रम, राप्ती सोनारी, बाँके | श्री केएर ट्रेड सेन्टर, नरैनापुर-०५, बाँके | रु. २८,०९,२९५.२६/- |
| २ | RSRM/WORKS /079-80/10 | बघौडा सडक देखि पोखरा थान मन्दिर सम्म पक्की नाली निर्माण-७ | श्री भावर भवानी निर्माण सेवा, राप्ती सोनारी-०२, बाँके | रु. १४,३९,९९४.०४/- |
| ३ | RSRM/WORKS /079-80/11 | हाइवे हुदै नाली सहित बाटो निर्माण, राप्ती सोनारी-०१, बाँके | श्री सि.एल. कन्स्ट्रक्सन, नेपालगञ्ज-०१, बाँके | रु. २०,६५,३३८.९०/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# मुख्यमन्त्री बन्ने यामलाल कँडेलको सपना अधुरै

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २ वैशाख



कर्णाली प्रदेशमा मुख्यमन्त्रीको लागि नेकपा एमालेलाई अभागीको रुपमा लिने गरिन्छ। तर एमालेले चुनावको बेलामा अबको पाँच वर्ष एमालेबाटै मुख्यमन्त्री बन्छन् भन्दै आश्वासन दिइरहेको हुन्छ । मुख्यमन्त्रीका लागि एमालेका नेताहरु अभागीका रुपमा चिनिन् थालेका छन् । कर्णालीमा विशेष त एमालेबाट मुख्यमन्त्रीको लागि एमाले संसदीय दलका नेता यामलाल कँडेल प्रयासरत नै हुन्छन् ।

उत्तिकै उनी मुख्यमन्त्रीको लागि ढुक्क पनि भएका हुन्छन् र एमालेका नेताहरुले पनि मुख्यमन्त्रीको लागि कँडेललाई ढुक्क मानेको हुन्छन् । तर, राजनीतिकमा सोचे भन्दा धेरै फरक हुने गर्दछ। २०७४ सालको निर्वाचनमा २० सिटसहित एमाले पहिलो पार्टी बनेको थियो। पहिलो पार्टी बनेसँगै एमालेबाट मुख्यमन्त्री यामलाल कँडेल बन्छन् भन्ने धेरै हल्ला खल्ला भएको थियो ।

२०५५ सालमा नै गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा पर्यटन मन्त्री भइसकेका कँडेल मुख्यमन्त्री बन्ने उद्देश्यसहित ०७४ मा प्रदेश झरेका थिए । कँडेलको मुख्यमन्त्रीका लागि त्यो तेस्रो प्रयास थियो। तर त्यो बेला एमाले-माओवादीबीचको समीकरणले नेकपा (माओवादी केन्द्र) का महेन्द्रबहादुर शाही मुख्यमन्त्री बने। ४० सांसद रहेको कर्णालीमा २० सिट एमालेसँग थियो। बहुमतका लागि एमालेसँग १ सिट अपुग थियो ।

केन्द्रबाट नै कर्णालीमा मुख्यमन्त्रीको लागि माओवादीको भागमा पर्दा कँडेलले महेन्द्रलाई स्वीकार्नु पर्ने बाध्यता आयो । ०७४ फागुन ३ मा माओवादी संसदीय दलको नेता महेन्द्रबहादुर शाही मुख्यमन्त्रीमा नियुक्त भए । पछि एमाले र माओवादी केन्द्र मिलेर नेकपा बनेपछि कँडेलले मुख्यमन्त्री आलोपालो हुनुपर्ने भनेका थिए, तर त्यसो हुन सकेन । फागुन ६ गते मन्त्रिपरिषद् विस्तार भयो । एमालेबाट प्रकाश ज्वाला आर्थिक मामिला तथा योजना मन्त्री, दल रावल सामाजिक विकास मन्त्री, खड्क खत्री भौतिक पूर्वाधार मन्त्री र नन्दसिंह बुढा उद्योग पर्यटन वन तथा वातावरण मन्त्री बने ।

माओवादीबाट नरेश भण्डारी कानून मन्त्री र बिमला केसी भूमि व्यवस्था तथा कृषि मन्त्री बने । तत्कालीन समयमा मुख्यमन्त्री कार्यालयसहित ६ मन्त्रालय थिए । पछि दुई पार्टी एक भएर नेकपा बनेपछि यामलाल र महेन्द्रबीचको राजनीतिक प्रतिस्पर्धा झन रोचक बन्यो । मुख्यमन्त्री आलोपालो भन्ने निर्णय कायम हुन नसक्ने स्थिति बन्यो ।

०७७ असोज २४ गते मा मुख्यमन्त्री शाहीविरुद्ध कँडेलले अविश्वासको प्रस्ताव ल्याए पनि सफल हुन सकेनन् । त्यो बेला कँडेलले पूर्व माओवादी सांसद धर्मराज रेग्मी, ठम्मर विष्ट, पुष्पा घर्तीको समेत हस्ताक्षर संकलन गरेका थिए । २०७७ फागुन २३ गते सर्वोच्च अदालते एमाले र माओवादी केन्द्र ब्युँताएपछि पुनः कँडेलले २०७८ वैशाख १ गते महेन्द्रबहादुर शाही नेतृत्वको सरकार विरुद्ध दोस्रो पटक अविश्वासको प्रस्ताव ल्याए ।

तर तत्कालीन माधव नेपाल समूहका प्रकाश ज्वाला लगायतका चार जनाले एमालेमा विद्रोह गरेपछि तेस्रो पटक पनि उनको मुख्यमन्त्री बन्ने सपनमा सपनामै सिमित रह्यो । प्रत्यक्षमा १ सिट जितेको कांग्रेसले सरकारको नेतृत्व गर्ने अवसर पाउँदा समेत कँडेल प्रतिपक्षको कुर्सीमा बस्न विवश भए । एक वर्ष भन्दा बढीको समय प्रतिपक्षको भूमिका निर्वाह गरेका कँडेल पुनः मुख्यमन्त्री बन्ने दिवा सपनासहित ०७९ को आम निर्वाचनमा प्रदेशमै बसे । उनी यस पटक पनि मुख्यमन्त्री बन्नेमा ढुक्क थिए ।

कार्तिक १८ गते कँडेलले आफ्नो चुनावी प्रतिबद्धता सार्वजनिक गर्दै कर्णालीको भावी मुख्यमन्त्रीमा आफूलाई प्रस्तुत गरेका थिए । उनी नेपाली कांग्रेसका कालीप्रसाद शाक्यलाई पराजित गर्दै विजयी भए । चुनावको नतिजा सार्वजनिक भएपछि कर्णालीमा मुख्यमन्त्री को बन्छ त भन्ने चर्चा चुलिन थाल्यो । अनि नेतादेखि जनताहरुले समेत आकलन गर्न थाले । एमालेबाट यामलाल कँडेल, कांग्रेसबाट जीवनबहादुर शाही र माओवादीबाट राजकुमार शर्मालाई मुख्यमन्त्रीको दाबेदारीको रुपमा हेरिएको थियो । पुस १० गते राष्ट्रिय राजनीतिमा फेरिएको समीकरणले कँडेलको खुसीको दियो बाल्यो ।

कांग्रेसका जीवनबहादुर शाही मुख्यमन्त्री बन्ने लाइनबाट 'रिङ आउट' हुँदा कँडेल त्यो लाइनमा इन भए । त्यसपछि कँडेलको विश्वास ह्वात्तै बढ्यो । पुस १३ गते उनी संसदीय दलको नेतामा समेत सर्वसम्मत भए। त्यसपश्चात झनै भावी मुख्यमन्त्रीको रुपमा यामलाल भन्ने होहल्ला सुनिन धेरै सुनिन थाल्यो । साथै पुस २१ गते एमाले प्रदेश कमिटीदेखि जिल्ला कमिटीका नेताहरू बालकोटमा पुगेर एमाले अध्यक्ष केपी ओलीसामु कँडेललाई नै मुख्यमन्त्री बनाउनुपर्छ भन्ने धाराणा राखेको थिए ।

ओलीले पनि जवाफमा कँडेललाई नै मुख्यमन्त्री बनाउने जोडबल गर्ने आश्वासन दिएर पठाएका थिए। पुस २४ गते केन्द्रीय समीकरणको बैठकले कँडेलको सपनामा फेरि'ब्रेक' लाग्यो । तर, पनि पुस २७ गते कर्णाली सरकारको नेतृत्वबारे माओवादी र एमालेबीच आलोपालोको सहमति भयो । सहमतिमा माओवादीले तीन र एमालेले तीन मन्त्रालय लिने विषय टुंगियो ।

सोहीअनुसार एमालेबाट आर्थिक मामिला तथा योजना मन्त्री विनोदकुमार शाह, सामाजिक विकास मन्त्री टेकराज पछाई र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री जीतबहादुर मल्ल सरकारमा सहभागी भए । एमालेले माघ ६ गते माओवादीका मुख्यमन्त्री राजकुमार शर्मालाई विश्वासको मत दियो। तर, केन्द्रमा फेरि पनि चुनाताको गठबन्धन ब्यूँतिदा कँडेलको मुख्यमन्त्री बन्ने सपना माथि ब्रेक लाग्यो । कँडेलको मुख्यमन्त्री बन्ने सपनामा ब्रेक लागेपछि कर्णालीमा एमालेबाट मुख्यमन्त्री बन्ने नेताहरुलाई अभागी मान्ने गरिन्छ ।

एमालेबाट मन्त्री बनेको तीन जना मन्त्रीहरुले गतआईतवार राजीनामा दिएका छन्, भने एमालेले सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको छ । अब कर्णालीमा माओवादी र कांग्रेस मिलेर सरकार चलाउने भएको छ। कर्णाली प्रदेश सभामा कांग्रेसका १४, माओवादीका १३, एमालेका १०, राप्रपा, समाजवादी र स्वतन्त्र सांसद एक-एक गरी कुल ४० सांसद छन् ।

# बालबालिकालाई संसदको प्रत्यक्ष अनुभव गर्न सभामुखको आग्रह

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २ वैशाख

संघीय संसदका सभामुख देवराज घिमिरेले दर्शकको रूपमा संसदको प्रत्यक्ष अनुभव गर्न बालबालिकाहरुलाई सुझाव दिएका छन् ।

कन्सोर्टियम नेपालको आयोजनामा सातै प्रदेशका बालबालिकाहरूको समस्या, सुधार र गर्नुपर्ने कामहरूको बारेमा तयार पारेको प्रतिवेदन सम्बन्धी राष्ट्रिय कार्यशालामा बोल्दै सभामुख घिमिरेले

बालबालिकाहरूलाई देशको कानून बनाउने संस्था संघीय संसद् कसरी चल्छन्, संसद्को नीति र प्रकृयाहरू कस्ता हुन्छन् यो बारे जान्न संसदको प्रत्यक्ष अनुभव गर्न आग्रह गरेका हुन् ।

सभामुख घिमिरेले द्वन्द्वकालमा बालबालिकाहरूमा प्रत्यक्ष असर परेको पनि बताए । उनले अहिले देशमा नयाँ परिस्थिति आएको बताउँदै बदलिएको राजनीतिक परिवेश सँगसँगै बाल अधिकारको भूमिका र संयुक्त राष्ट्र संघमा नेपालका बालबालिकाहरूको स्थिति, चुनौती, समस्यालगायतमा ध्यानाकर्षण गराए ।




नेपालका बालबालिकाहरुको अवस्था, समस्या र सुधार गर्नुपर्ने कामहरुबारेको प्रतिवेदन तयार गर्न कन्सोर्टियम नेपालको सहयोगमा देशका सातै प्रदेशका बालबालिकाहरु राजधानीमा भेला भई प्रतिवेदन तयार गरिँदैछ।

राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धी १९८९ माथि बालबालिकाहरुको नेतृत्वमा तयार गरिने प्रतिवेदन २०२३ को तयारीका लागि सातै प्रदेशका छनौटमा परेका बालबालिकाहरूले राजधानीमा बसेर कार्यशालामा प्रतिवेदन तयार गरिरहेको कन्सोर्टियम नेपालका अध्यक्ष मोहन दंगालले बताए । प्रदेश र उपत्यकाका बालबालिकाहरु मिलेर प्रतिवेदन तयारीको कामहरु भइरहेको बताउँदै आइतबारभित्र प्रतिवेदन तयार भइसक्ने उनको भनाइ छ।

कन्सोर्टियम नेपालका उपाध्यक्ष सन्तोष महर्जनले यसअघि हाल काठमाडौंमा बसेर प्रतिवेदन बनाइरहेका बालबालिकाहरु आ-आफ्नो प्रदेशमा बनेको प्रतिवेदन बुझेर काठमाडौं आएको बताए । प्रत्येक प्रदेशबाट न्युनतम दुई-दुई जना गरी सातै प्रदेश र उपत्यकाका बालबालिकाहरु मिलेर प्रतिवेदन तयारीको कामहरु भइरहेको उनको भनाइ छ।

संस्थाका महासचिव प्रदीपकुमार लामिछानेका अनुसार यसअघि ती बालबालिकाहरुले समुदायस्तरमा पुगेर बालबालिकाहरुको अवस्था समस्याबारे बुझेर प्रदेशस्तरमा प्रतिवेदन बनाएका थिए । प्रदेशस्तरमा प्रतिवेदन बनाएका ती बालबालिकाहरुकै प्रतिनिधित्व गरी अहिले एउटा प्रदेशबाट घटीमा दुई जना बालबालिकाहरु प्रतिवेदन लिएर काठमाडौं आएका हुन् । प्रतिवेदन तयार भएपछि नेपाल सरकारमार्फत संयुक्त राष्ट्र संघमा बुझाइने छ ।

# शैक्षिक सत्र शुरु भएको दुई महिनापछि पाठ्यपुस्तक

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २ वैशाख

डोल्पामा नयाँ शैक्षिक सत्र शुरु भएको दुई महिनापछि पाठ्यपुस्तक पुगेको छ। डोल्पाका अधिकांश पालिकामा मंसिरमा वार्षिक परीक्षा लिएर फागुनमा नयाँ शैक्षिक सत्र शुरु हुन्छ। पुस-माघमा भने जाडो बिदा दिने गरिन्छ। डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाअन्तर्गत साविकका त्रिपुराकोट, सु र पहाडा गाविसभित्रका दर्जनभन्दा बढी विद्यालयका लागि पाठ्यपुस्तक पुगेको सृष्टी एण्ड स्मृति स्टेशनरी सप्लायर्सका प्रोपाइटर पूर्ण केशर न्यौपानेले जानकारी दिए ।

कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई गत महिना नै पाठ्यपुस्तक वितरण गरिएको र बाँकी कक्षाहरुका लागि पाठ्यपुस्तक आइपुगेको न्यौपानेले बताए। फागुन पहिलो सातादेखि शुरु भएको नयाँ शैक्षिक सत्रमा पाठ्यपुस्तक नआउँदा पुरानै पाठ्यपुस्तकबाट पठन पाठन शुरु गरिएको थियो। स्टेशनरीले आफ्नो जिम्मामा रहेको पाठ्यपुस्तक पुऱ्याएसँगै वैशाख तीन गतेदेखि वितरण समेत शुरू गर्ने न्यौपानेले जानकारी दिए ।

त्रिपुरासुन्दरी नगरपालिकाभित्र साविकका ल्हा र लीकु गाविसमा पर्ने विद्यालयहरुमा पाठ्यपुस्तक ल्याउने जिम्मा पाएको आकृति स्टेशनरी सप्लार्सले भने अझै पाठ्यपुस्तक पुऱ्याउन सकेको छैन। त्यस्तै निजी लगानीमा सञ्चालित विद्यालयहरुको पाठ्यपुस्तक भने कहिले आउने भन्ने अझै टुंगो छैन ।


## बाँसगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

(प्रकाशित मिति २०८०/०१/०३ गते)

यस कार्यालयबाट मिति २०७९/१०/२२ र २०७९/११/११ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार देहायका कार्यमा पर्न आएका दरभाउपत्रहरुको मुल्यांकन गर्दा, देहायका फर्महरुको दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित रहेकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने दरभाउपत्र स्वीकृत गर्ने आशय सम्बन्धि सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम | कबोल अंक (VAT र PS बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | BM/NCB/ 2079/080-19 | Upgrading Of 3 No. Basti Channdra Gurung Ko Ghar To Dangpur Road | M/S Subhani Construction Pvt. Ltd., Kalimati-13, Kathamandu. | 1556411.00 | |
| 2 | BM/NCB/ 2079/080-20 | Upgrading Of Ashneri - Bathuwa Road | M/S J and J Construction, Janaki -06, Banke. | 1564250.00 | |
| 3 | BM/NCB/ 2079/080-21 | Upgrading Of Bankhet Samudayik Bhawan to Mahadewa Road | M/S Samip Nirman Sewa, Baijanath – 06 Banke. | 2219492.50 | |
| 4 | BM/NCB/ 2079/080-22 | Construction Of Tin Gharuwa - Sagahapur Road | M/S Laxmi Construction, Gulariya - 08, Bardiya. | 2875150.70 | |
| 5 | BM/NCB/ 2079/080-23 | Upgrading Of Motipur (Aadarsha Ma.Vi.) - Hasnapur Road | M/S Samip Nirman Sewa, Baijanath – 06, Banke | 3472567.50 | |
| 6 | BM/NCB/ 2079/080-24 | Upgrading Of Ram Charan Ko Ghar to Kalibahadur Ko Ghar – Necharaha Road, Word No. - 04 | M/S Bageshwori Construction, Kohalpur – 02, Banke. | 4452588.00 | |
| 7 | BM/NCB/ 2079/080-25 | Construction Of Indreni Tole To Ward Office Road, Ward No. - 01 | M/S Mahima Construction, Gulariiya – 05, Bardiya. | 6976481.80 | |
| 8 | BM/NCB/ 2079/080-26 | Supply Of Medicine | M/S Sumit Medico Pharma, Nepalgunj, Banke. | 844463.00 | |

प्रमुख प्रशासकीय अधिकृत



**श्री रसुवाखोला सामुदायीक वन उपभोक्ता**
**रौतामाई गाउँपालिका ३ उदयपुरको**
**समुह बाहिर काठ विक्रि संबन्धि सूचना**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७८/०७९ को विधिवत रुपमा कटान मुछान संकलन भइ घाट गद्दिमा रहेको लट नम्बर १ को खयर थान ५५४ को ५४८.१४ क्युफिट काठ बाहिर जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ ।

**श्री सगरमाथा सामुदायीक वन उपभोक्ता**
**रौतामाई गाउँपालिका ३ उदयपुरको**
**समुह बाहिर काठ विक्रि संबन्धि सूचना**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७८/०७९ को विधिवत रुपमा कटान मुछान संकलन भइ घाट गद्दिमा रहेको लट नम्बर १ को खयर थान ३९० को ४०६.७५ क्युफिट काठ बाहिर जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ ।

**Notice to Promoters**

Date of Publication: 16/04/2023

This is to inform all the promoters of Nepal Rating Agency Limited that Dun & Bradstreet South Asia Middle East Limited a promoter of Nepal Rating Agency Limited has published this notice requesting all the promoter of Nepal Rating Agency Limited to attend promoter's meeting of Nepal Rating Agency Limited to be held on April 17, 2023 at 3 PM (NST). The meeting shall be conducted by video conference and circulatory resolution. The link for video conference shall be shared in the official email account of all the promoters. The agenda of the promoter's meeting shall be as mentioned below. All the promoters are requested to attend the promoter's meeting in person or through there Authorized Representative.

**Special Agenda**
Cancelation of Registration of Nepal Rating Agency Limited as per the provisions Section 136 (1)(a) of The Company's Act, 2006

Ad. Biraj Dhoj Thapa
Legal Counsel

'आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो!
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो !!'

**हार्दिक श्रद्धाञ्जली**

जन्म मिति :
२०५० भाद्र ३ गते



स्वर्गारोहण :
२०७९ चैत्र २१ गते

**स्व. टल बहादुर पौडेल (नकुल)**

हाम्रा आत्मिय मित्र **प्राइम एच. आर. इन्टरनेशनल प्रा. लि.** का संचालक **स्व. टल बहादुर पौडेल (नकुल)** को अल्पायुमै स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनहरुप्रति धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**माउण्ट एभरेष्ट इन्टरनेशनल ओभरसिज प्रा. लि.**
बसुन्धारा, काठमाडौं , श्रम इजाजत पत्र नं.: १४८१/०७४/७५

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मितिः २०८०/०१/०३

**सुत्र रिसोर्ट प्रा.लि.**को मिति २०७९/१२/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सुत्र मल्टिट्रेडिङ्ग कन्सर्न प्रा.लि. (प्रा.लि.नं.: २५६५९८)** साथै साविक ठेगाना परिवर्तन गरी **मकवानपुर जिल्ला, हेटौडा उपमहानगरपालिका–५** मा कायम गर्ने गरी मिति २०७९/१२/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



मध्यान्ह
www.madhyanhadaily.com
३ वैशाख २०८०, आइतबार
16 April 2023, Sunday

## सम्पादकीय

## तदर्थ नेतृत्वको भर

**नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बनेको चार महिना नजिक हुँदा पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । गत १० पुसमा प्रधानमन्त्री बनेका प्रचण्डले यो बीचमा सत्ता गठबन्धन बदल्नतिर लागेकाले मन्त्रिपरिषद्ले पूर्णता पाउन नसकेको हो । नेकपा एमाले नेतृत्वको गठबन्धनबाट प्रधानमन्त्री बनेका प्रचण्डले १२ फागुनमा गठबन्धन बदल्ने निर्णय लिएका थिए । राष्ट्रपतिको चुनावमा रामचन्द्र पौडेललाई उम्मेद्वार बनाउने निर्णय लिदै प्रचण्डले नेपाली कांग्रेस नेतृत्वको गठबन्धनमा जाने निर्णय लिएका थिए । नयाँ गठबन्धनमा पनि दलगत स्वार्थका कारणले मन्त्रिपरिषद् बिस्तारमा ढिलाइ भयो । जसकारण लामो समय प्रचण्डले आफैले १६ मन्त्रालयको जिम्मेवारी लिएका थिए । केही दिन अगाडि मात्रै मन्त्रिपरिषद् बिस्तार गरेर १७ सदस्यीय बनाए । तर अझै बाँकी ६ मन्त्रालयको नेतृत्व प्रचण्ड आफैले गरिरहेका छन् ।**

**शनिबारको निर्णयबाट आज परराष्ट्रमन्त्रीमा एनपी साउदले शपथ लिने तयारी छ । अर्थात् साउदले परराष्ट्रमन्त्रीमा शपथ लिदा पनि मन्त्रिपरिषद् अपूर्ण नै हुनेछन् । यसरी मन्त्रिपरिषद् अपूर्ण हुनुको असर खेल क्षेत्रमा पनि परेको छ । सातौंपटक मन्त्रिपरिषद् बिस्तार हुँदा पनि प्रधानमन्त्री प्रचण्डले खेलकुद मन्त्री नियुक्त गरेका छैनन् । ११ पुसमा आफूसहित सात मन्त्री नियुक्त गरेका प्रचण्डले पटकपटक मन्त्रिपरिषद् बिस्तार गर्दा युवा तथा खेलकुद मन्त्री नियुक्त गरेनन् । शुरूमा जनता समाजवादी पार्टी (जसपा) को असन्तुष्टिका कारणले यो मन्त्रालयमा विभागीय नेतृत्व आउन सकेको थिएन । त्यसपछि पनि प्रधानमन्त्री प्रचण्डले यो मन्त्रालयको जिम्मेवारी आफै लिइरहेका छन् ।**

**जबकी यतिबेला खेलकुद मन्त्रालयमा विभागीय मन्त्रीको संभवतः धेरै आवश्यकता छ । ठूलो चासोमा पर्ने फुटबल क्षेत्र लगभग ठूलो क्षति बेहोरिरहेका छन् । राष्ट्रिय टीमका खेलाडीहरूले देशमा संभावना नदेखेपछि विदेशिने निर्णय रोकिएको छैन । राष्ट्रिय टीमका पहिलो रोजाइका खेलाडीहरू विदेशिएकाले वैकल्पिक खेलाडी राखेर प्रतिस्पर्धा भइरहेको छ । अर्कातिर आवश्यक सेवा, सुविधा र पूर्वाधार नभएपनि क्रिकेटमा सनसनीपूर्ण प्रदर्शनी भइरहेको छ । अरू प्रतियोगिताहरूको अवस्था पनि उस्तै छ । तर प्रधानमन्त्री प्रचण्डले भने जितेको खेलमा पुरस्कार बाँडेर आममनोविज्ञान तान्न पछि नपर्ने, अनि विभागीय मन्त्री नियुक्तिमा भने आवश्यक ध्यान दिएका छैनन् । अर्थात् खेलकुद मन्त्रालयको नेतृत्वलाई तदर्थबाटै चलाएर प्रधानमन्त्रीले दीर्घकालीन विकासमा भने असर पुऱ्याइरहेका छन् । यो प्रवृत्तिको अन्त्य आवश्यक छ ।**


# सहकारी क्षेत्रमा उठेका प्रश्न

*अग्रलेख*



● बेनीबहादुर कार्की

नेपालको संविधानको प्रस्तावनामै तीन खम्बे अर्थनीतिलाई अङ्गीकार गरिएको छ । यसैअनुरूप सहकारी ऐन २०७४ र नियमावली २०७५ मा पनि व्यवस्था गरिएको छ । हाम्रो मुलुकको अर्थव्यवस्था सरकारी, सहकारी र निजी मिलेर संयुक्तरूपमा सञ्चालन गर्नु नै तीनखम्बे अर्थनीति हो । अहिले मुलुकमा देखिएका आर्थिक समस्या संविधान र कानुनमा भएका व्यवस्थालाई समन्वय गरेर समयमै कार्यान्वयन गर्न नसकेकाले नै सिर्जित भएका हुन् । यसै हालै काठमाडौंमा सम्पन्न सहकारीको तेस्रो महासम्मेलनबाट जारी ११ बुँदे घोषणापत्रमा पनि यी तीन वटै अङ्ग मिलेर संयुक्तरूपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेकाले सहकारी क्षेत्रमा अहिले देखिएका समस्या तत्काल समाधान हुने विश्वास गरिएको छ ।




सहकारी क्षेत्रको मूल विशेषता भनेकै नेपालभरीकै पहुँच हो । सरकार र निजी क्षेत्र पुग्न नसकेको ठाउँमा पनि सहकारी आफ्ना सदस्यहरुमार्फत आर्थिक कारोबार गरेर पुगेको छ । त्यसैले घरघरमा सहकारी भनिएको हो । यस वर्षको ६६औँ सहकारी दिवसको नारा 'दिगो विकासका लागि सुशासन र स्वनियमनमा सहकारी' भन्ने रहेको छ । यही नारालाई सफल बनाउन 'भिजन २०३०' समेतका साथ सम्मेलन सम्पन्न भएको छ ।

शेयर सदस्यहरुको सहकार्यमा छरिएर रहेको सानो-सानो पूँजीलाई एकीकृत गरेर उनै शेयर सदस्यको निर्णयबाट उनीहरुकै जीवनस्तर उकास्न गरिने सहकार्यलाई सहकारी भनिन्छ । करिब ७४ लाख शेयर सदस्य देशका कुना-कुनामा छरिएर स्वनियमका आधारमा निरन्तर काम गरिरहेका छन् । यसले मुलुकको उत्पादकत्वमा र रोजगारीको क्षेत्रमा महत्वपूर्ण योगदान गरिरहेको छ । नेपालको सहकारी क्षेत्रले रु ४७८ अरब बचत, रु ४२७ अरब ऋण लगानी र रु ९४.२२ अरब शेयर रकमबाट मुलुकमा आर्थिक कारोबार गरेर मुलुकलाई योगदान गरिरहेको छ ।

नेपालमा सबै प्रकारका ३० हजारभन्दा धेरै सहकारी रहेका छन् । त्यसमध्ये बचत तथा ऋण सहकारी भने करिब १४ हजार रहेका छन् । विश्वमा सहकारीको इतिहास बेलायतको मेन्चेष्टर सहरबाट एक सय १३ वर्षपहिले सुरु भएको भए पनि नेपालमा भने २०१३ सालमा चितवनको बखान सहकारीबाट सुरु भएको हो । सहकारीको विकास भने २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि मात्र भएको हो । यसरी २०१३ देखि २०४८ सालसम्म खासै फस्टाउन नसकेको सहकारी क्षेत्र प्रजातन्त्रको खुला अर्थतन्त्रको आर्थिक नीति ल्याएपछि च्याउ उम्रे सरह जन्मिएकाले यस क्षेत्रलाई नियन्त्रण गर्न २०४८ को सहकारी ऐन र नियमावली २०४९ अपर्याप्त भएकाले आवश्यकताको परिपूर्ति गर्न सहकारी ऐन २०७४ र नियमावली २०७५ कार्यान्वयनमा रहेको छ । तर, यी ऐन र नियममा गरिएका कर्जा सूचना केन्द्र, ऋण असुली न्यायाधीकरण र कोपोमिस सफ्टवेयर प्रणालीले मूर्तरूप पाई नसकेकाले अहिले सहकारी क्षेत्रमा केही समस्या देखिएका छन् । त्यसैले यी व्यवस्था यथाशीघ्र लागू गर्नु आजको आवश्यकता भएको छ ।

सहकारी क्षेत्रले नेपालको उत्पादकत्व, रोजगारी र नेतृत्व विकासमा समेत महत्वपूर्ण योगदान गरिरहेकाले यस क्षेत्रलाई द्रुततर देश विकास गर्न सबै मिलेर अझैमाथि उकास्न जरुरी छ । सहकारी क्षेत्रले नेपालमा कृषि, पशुपालन, जडीबुटी पर्यटन, स्वास्थ्य, बचत ऋण र सामाजिक क्षेत्रमा समेत महत्वपूर्ण योगदान गरिरहेको भए पनि केही सहकारीका सञ्चालकहरुको गलत कामले यो क्षेत्र पनि बदनाम भएको छ । यसअघि भएका कमी कमजोरीलाई भने तत्काल सच्याउन जरुरी छ । देशका विभिन्न स्थानमा वर्षौंदेखि सञ्चालनमा रहेका धेरै सहकारीहरुले जनतालाई उत्कृष्ट सेवा दिँदै आएका छन् ।

> *अनर्गल प्रचारको पछाडि लाग्नुभन्दा सहकारीलाई व्यवस्थित, मर्यादित र प्रभावकारीरूपमा सञ्चालन गराउनेतर्फ सबै उत्तिकै जिम्मेवार हुन जरूरी छ । भविष्यमा पनि यस्ता समस्या दोहोरिन नदिन सरकार, सहकारी र निजी क्षेत्रले चनाखो भई सहकार्यका आधारमा अगाडि बढ्ने वातावरण निर्माण हुँदै गएकाले कोही पनि निराश हुनुपर्ने अवस्था छैन ।*

अहिले बदनामीको तारो बचत तथा ऋण सहकारीहरुलाई बनाइएको छ । त्यो पनि मिटरब्याजसँग सहकारीलाई तुलना गरिएको छ । यो आरोप सर्वथा मिथ्या हो किनभने सहकारीको जन्म नै मिटरब्याजको विरुद्धमा भएको हो । यसले लाखौं जनताको जीवनस्तर उकासेको छ । गरीबबाट धनी बनाएको छ । यसको मूलमन्त्र नै आफ्ना शेयर सदस्यहरुलाई बचत गर्न सिकाएर धनी बनाउने हो । यो कामका लागि सहकारीले सके हरेक हप्ता नसके हरेक महिना आफ्ना शेयर सदस्यहरुलाई सहकारी शिक्षा दिइरहेको हुन्छ ।

सहकारीमा हरेक शेयर सदस्य आफ्नो सहकारीको मालिक हुन्छ । आफैँ मालिक भएको सदस्यले कसरी आफ्नै हित विपरीत निर्णय गर्नसक्छ ? यो विचारणीय प्रश्न हो । समयमा ऋण तिर्न नसकेर धितो लिलाम भएमा पनि ऋणको लागत मात्र सहकारीले लिने हो । बढी रकम त सम्बन्धित शेयर सदस्यलाई नै फिर्ता दिने कानुनी व्यवस्था रहेको छ । त्यति मात्र नभई लिलाम भइसकेर पनि छ महिनाको म्याद दिएर आफ्नो धितो फिर्ता लिनसक्ने कानुनी प्रावधानसमेत रहेको छ । कतिपय अवस्थामा लिलाम गर्दा धितोले ऋण असुल नभएको अवस्था पनि भएको छ । ऋण मिनाहा गर्नु परे सम्बन्धित सहकारीको साधारणसभाले गर्न सक्छ । आवश्यकताअनुसार मिनाहा गरिएका उदाहरण पनि छन् । यसरी सहकारी सदैव आफ्ना शेयर सदस्यकै हितमा रहेको हुन्छ ।

बचत र ऋण सहकारीले बैंकको भन्दा पनि थोरै ब्याजमा बैंकको भन्दा धेरै सेवा दिइरहेको छ । बैंकले धेरै ब्याज लिँदा पनि सहकारीले १६ वा सोभन्दा थोरै नौ प्रतिशतमा ऋण दिएका सहकारी पनि छन् । नौदेखि १६ प्रतिशतसम्म ब्याज लिनु भनेको मिटरब्याज हुन सक्दैन । सहकारीले जन्मदेखि मृत्युसम्म धेरै प्रकारका सेवा दिएर आफ्नो असल पहिचान बनाएका छन् ।

सहकारी क्षेत्रमा समस्या आउनुमा विभिन्न कारणहरु रहेका छन् । विगत तीन वर्षयता संसारभरि कोभिड महामारीले आर्थिक संकट ल्याएको छ । एक वर्षदेखि रसिया र युक्रेन युद्धको असरले तरलताको असर परेको छ । केही सहकारीले गलत तरिकाले घरजग्गामा लगानी गरेर लगानीको प्रतिफल दिन सकेका छैनन् । केही सहकारीका सञ्चालकहरुले आफ्नो स्वार्थमा काम गरेर शेयर सदस्यको बचत हिनामिना गरेकाले पनि अहिलेको अवस्था आएको हो । त्यस्तै, सहकारी ऐनमा भएका केही बुँदाहरुलाई सरकारले समयमै गठन नगर्दा पनि समस्या आएको छ । उदाहरणका लागि कर्जा असुली न्यायाधीकरण र कर्जा सूचना केन्द्र अहिलेसम्म पनि गठन हुन सकेको छैन । झोले सहकारीलाई नियन्त्रण गर्न सरकारले ध्यान दिएको छैन । अधिकांश सहकारीको नियमन प्रदेश र स्थानीय सरकाले गर्ने जिम्मा दिइए पनि ती निकायले जानकारीको अभावमा कामै गर्न सकेका छैनन् ।

सहकारीका क्षेत्रमा देखिएका समस्याहरुको समाधान गर्न 'भिजन २०३०'को कार्यान्वयनका लागि ऐन नियममा तत्काल परिमार्जन गर्नुपर्ने हुन्छ । सहकारीको लगानीलाई घरजग्गामा भन्दा उत्पादनमुखी क्षेत्रमा गर्नुपर्छ । सहकारीले परम्परागत ढंगबाट नभई सूचना प्रविधिको उपयोग गरी सदस्यहरुलाई गुणस्तरीय र विश्वसनीय सेवा दिन सक्नुपर्छ । आवश्यकताका आधारमा नभई निहित स्वार्थपूर्ति र लाभ लिने उद्देश्यले स्थापना भएका सहकारीको संख्या घटाउन हाल स्थापना भएका ३० हजार सहकारीलाई मर्जरको माध्यमले १० हजारमा झार्नसमेत आवश्यक देखिन्छ ।

यसरी तीन खम्बे अर्थनीतिलाई सबैले आत्मसात् गर्दै अहिले देखिएका समस्याहरुलाई सरकारकै सक्रियतामा डेढ अर्बभन्दा धेरै बचतकर्ताको बचत फिर्ता दिइसकेको र भएका कानुनको शीघ्र कार्यान्वयन गर्न र संशोधन गर्नुपर्ने कानुनहरु संसद्बाट पारित गराउने प्रतिबद्धता सरकारले गरेको छ । त्यसैले अनर्गल प्रचारको पछाडि लाग्नुभन्दा सहकारीलाई व्यवस्थित, मर्यादित र प्रभावकारीरूपमा सञ्चालन गराउनेतर्फ सबै उत्तिकै जिम्मेवार हुन जरुरी छ । भविष्यमा पनि यस्ता समस्या दोहोरिन नदिन सरकार, सहकारी र निजी क्षेत्रले चनाखो भई सहकार्यका आधारमा अगाडि बढ्ने वातावरण निर्माण हुँदै गएकाले कोही पनि निराश हुनुपर्ने अवस्था छैन ।

*(कार्की वरिष्ठ सहकारीकर्मी हुन् ।)*

## सामाजिक सञ्जाल



**- राधाकृष्ण कटवाल**

दुई महिना महशुल नतिर्दा २५ प्रतिशत हर्जना लिने र तीन महिना नतिर्दा बत्तिको लाइन नै काटिदिने विद्युत प्राधिकरणले ४० अर्ब पुगुन्जेल के हेरेर बसेको होला ? नीजि कम्पनीले निर्माण गर्ने आयोजनाको प्रति मेघावाट १६ करोडमा बन्ने अनि प्राधिकरणले आफैंले निर्माण गरेकोमा ३६ अर्ब कसरी लाग्यो ?



**- सुर्यराज आचार्य**

मौजुदा संविधान बनाउने हाम्रा नेताहरूले विकास, रोजगारी र सामाजिक न्यायका एजेन्डामा के-कस्तो परिणाम निकाल्न संविधानमा के-कस्तो प्रावधान राखिनु पर्छ भन्ने कुरामा खासै हेक्का राखेनन् । देशभित्र र बाहिरका अर्कै 'सरोकारवाला'हरूले बोकाइदिएको एजेन्डाका लागि संविधान लेखियो । हालत यो भयो !



**- हरिकृष्ण शाक्य**

ईश्वर छ की छैन थाहा छैन, गरिब निमुखा मानिसहरु अन्याय सहेर बस्छन् । उनीहरुको एउटै साहारा अर्थात् बाँच्ने आधार भनेकै ईश्वरप्रतिको विश्वास हो । राज डण्ड नलागे पनि देव डण्ड लाग्छ भनेर सरापेर मन बुझाउँछन् र पीडा बिर्सन्छन् । मान्छेको यही सामाजिक मनोविज्ञानलाई बुझेर धर्म शास्त्र रचिएका हुन ।



**- मुमाराम खनाल**

बितेका १४ महिनामा कांग्रेस र माओवादीले पालैपालो सरकारको नेतृत्व गरे । एकजना प्रधानन्यायाधीश निर्णयको कुनै टुंगो बिना बिचैमा अड्काउने महाअभियोगसहित अवकास भए । र, अहिलेसम्म कुनै प्रधानन्यायधीश नियुक्त भएनन् । 'न्याय'माथिको यो 'अन्याय'मा अलिकति लाजशरम त मान- (अ)राजनीतिका मतियारहरू !

# राजनीति र भ्रष्टाचार

*टिप्पणी*



● नारायण गाउँले

> *टाढा सोच्न पर्दैन, एकपल्ट आफूले राम्ररी चिन्ने नजिकको टोले नेतालाई हेर्ने हो र उसको योग्यता, हैसियत र आम्दानीको तुलनामा उसले गर्ने खर्च र रवाफ हेर्ने हो भने राजनीति कति मैलो छ भन्ने सजिलै बुझ्न सकिन्छ ।*

ढाकाप्रसाद श्रेष्ठहरू त भुराभुरी नै हुन् । बैंकले पत्याउँदासम्म दुर्गा प्रसाईंकहाँ केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'लगायत नेपाली राजनीतिको 'कोर टीम' नै 'मार्सी भात' खान पुग्थ्यो । कुनै पनि पार्टीको केन्द्रीय सदस्य किन्न सक्ने हैसियत थियो उनको । बुढानीलकण्ठमा ब्रीफकेस बुझाएर बनेका राजदूत कति छन् कति ! कम्युनिस्टसँग कुनै साइनो नभएका एकनाथ ढकाल एमालेको समानुपातिक लिस्टमा टाउकोमैं परे ।

जित्न त परको कुरो, वडाध्यक्षको टिकट पाउनकै लागि पार्टीलाई २० लाखभन्दा बढी बुझाउनेहरू हाम्रा दायाँ-बायाँ नै छन् । कुनै त्यस्तो राजनैतिक नियुक्ति छैन जसमा पैसाको चलखेल नभएको होस् । कुन एउटा सरकारी ठेक्का होला जसमा अनियमितता नभएको होस् ? शिक्षा र स्वास्थ्यमा प्रयोग गर्ने भनेर राजा र राजपरिवारको नाममा रहेको चलअचल सम्पत्ति सरकारीकरण भयो । त्यहाँ १५ वर्षमा कुन स्कुल, कलेज, अनुसन्धान संस्था या हस्पिटल बनेको छ ? उल्टै शिक्षा र स्वास्थ्यका लागि मात्रै प्रयोग गर्न पाइने भन्ने कानुन नै संशोधन गरेर 'अन्य' थपिएको छ र चल सम्पत्ति त बाँडचुँड भइ नै सक्यो । अचल सम्पत्ति यति ग्रुप जस्ता सीमित घरानालाई व्यापारिक प्रयोजनका लागि बुझाइएको छ । जबकी उक्त सम्पत्तिलाई आमजनताको पक्षमा सदुपयोग गर्ने हो भने निरपेक्ष गरिबीको रेखामुनि हुने लाखौं नागरिकलाई निःशुल्क उच्च शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्न सकिन्छ ।

७० करोडको अडियो आयो र कारोबार रोकियो । तर, त्यो गोकुल बाँस्कोटाले डिल गरेका दर्जनौं मेगाप्रोजेक्टमध्ये एउटा मात्रै थियो । बाँकीमा के भयो भन्ने प्रश्न न पार्टीले गऱ्यो न मिडियाले । अहिले नाटकीयरूपले बजारमा पैसा गायब भएको हेर्दा कुनै दिन कृत्रिम स्रोत खुलाउन सकिने आशमा खरबौं रुपियाँ कतै थन्किएको अनुमान गर्न असजिलो छैन । खुलेआम हाम्रा नेताले 'मालदार मन्त्रालय' भनेको र त्यसैका लागि लडेको सुन्नुभएकै छ । त्यो भनेको के हो भन्ने पनि सबैलाई थाहै छ । ढाका प्रसादले दुर्गा प्रसाईंसँग मात्रै पक्कै चन्दा मागेनन् र सबैले अडियो रेकर्ड राखेनन् । उनी किन मन्त्री बन्न सकेनन् र अर्कै बन्यो भन्ने प्रश्न पनि अनुत्तरित नै रहने भयो ।

कांग्रेस-एमालेदेखि हिजो भर्खर सर्वश्व पार्टीलाई बुझाएर सशस्त्र युद्धमा लागेका भनिएका सर्वहारा माओवादी नेताहरू बेलायत र अमेरिकी समकक्षी नेताभन्दा लोभलाग्दो जीवनशैली बिताइरहेको नाङ्गो आँखाले देखिएकै छ । तलब त्यही हो, हिजोको आर्थिक हैसियत त्यही हो, भयंकर कुनै पढाइ र योग्यता पनि होइन, तर आज कार चढेर नहिँड्ने नेता कति छन् ? त्यो पैसा कहाँबाट आउँछ ? एकपल्ट आफ्नो पढाइ, क्षमता, संघर्ष र आर्थिक अवस्था हेर्नुहोस् र उस्तै योग्यता र पढाइ र क्षमताको नेतासँग दाँज्नुस् त !


टाढा सोच्न पर्दैन, एकपल्ट आफूले राम्ररी चिन्ने नजिकको टोले नेतालाई हेर्ने हो र उसको योग्यता, हैसियत र आम्दानीको तुलनामा उसले गर्ने खर्च र रवाफ हेर्ने हो भने राजनीति कति मैलो छ भन्ने सजिलै बुझ्न सकिन्छ । र त्यो मैलोको मूल्य चुक्ता गर्ने चाहिँ हामीले नै हो । प्रत्यक्ष-अप्रत्यक्ष ती नेताले चढ्ने गाडीको पेट्रोल हाल्ने हामीजस्तै सडकको धुलो खाएर हिँड्नेहरूले नै हो । त्यत्ति मात्रै होइन, तिनको जयजयकार गर्ने काम पनि हामीबाटै हो ।

पूरै सिस्टम यति दलदल र भ्रष्ट छ कि अबको सात पुस्तासम्म हाम्रो नियति यस्तै हो कि झैँ लाग्छ । खेलाडी नयाँ आउलान् तर, खेल उही पुरानै हो । मैदान हिलो र दलदल भएपछि पुरानाहरू अलि मैला र भर्खर पस्नेहरू थोरै सफा देखिने नै भए ! तैपनि मैदान बदल्न नसकेपछि झिनो आशामा खेलाडी बदल्न हामी विवश छौं !

*(गाउँलेको फेसबुक वालबाट)*

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | स्थानान्तरणको योग छ । धार्मिक कार्यहरुमा रुची बढ्नेछ । |
| वृष | : | शुभ सन्देश प्राप्त हुनेछ । तर, आहारमा ध्यान दिनुहोला । |
| मिथुन | : | जग्गा सम्बन्धी कार्यमा प्रगति हुनेछ । यात्राको योग छ । |
| कर्कट | : | पारिवारिक तनावको योग छ । नयाँ सोचअनुसार काम हुनेछ । |
| सिंह | : | पद प्रभावमा वृद्धि हुनेछ । वाणी संयम राख्नुहोला । |
| कन्या | : | भाग्यमा वृद्धि हुनेछ । आफन्तसँग भेटघाट हुनेछ । |
| तुला | : | वाणी संयम राख्नुहोला । घरेलू सहयोग प्राप्त हुनेछ । |
| वृश्चिक | : | शत्रु कमजोर हुन्छन् । दैनिक जीवन सुखी रहनेछ । |
| धनु | : | नयाँ काम सफल हुनेछ । चिन्ता गर्नु हुँदैन । |
| मकर | : | पुरानो कार्य सफल हुनेछ । व्यापारिक क्षेत्रमा प्रगति हुनेछ । |
| कुम्भ | : | अनावश्यक यात्रा गर्नु हुँदैन । नौलो कार्य प्रारम्भ हुनेछ । |
| मीन | : | अर्काको जिम्मा लिनु हुँदैन । प्रभाव बढ्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# जापानी प्रधानमन्त्रीमाथि आक्रमणको प्रयास



**काठमाडौं /एजेन्सी–** प्रधानमन्त्री फुमियो किशिदामाथि देशको पश्चिमी भाग वाकायामामा आक्रणको प्रयास भएको छ । वाकायामा आयोजित एक चुनाबी कार्यक्रममा मन्तव्य व्यक्त गर्न लागेका प्रधानमन्त्रीमाथि 'स्मोक बम' प्रहार भएको सरकारी समाचार समिति क्योदो तथा प्रसारण संस्था एनएचकेले जनाएका छन् ।

प्रधानमन्त्रीमाथि कुनै चोटपटक नलागेको तथा उनलाई सुरक्षितरूपमा सकुशल कार्यक्रमस्थलबाट निकालिएको छ। प्रतिनिधिसभाको उपनिर्वाचनको समर्थन गर्ने कार्यक्रममा मन्तव्य व्यक्त गर्न मञ्चमा पुग्न लागेका प्रधानमन्त्रीमाथि आक्रमण भएको हो । आक्रमणको आशंकामा प्रहरीले घटनास्थलबाट एक जनालाई नियन्त्रणमा लिएको छ। यद्यपि प्रहरीले यसलाई पुष्टि गरे पनि थप जानकारी दिएको छैन ।

एक जना प्रत्यक्षदर्शीका अनुसार एक युवकले प्रधानमन्त्रीलाई लक्ष्य गर्दै केही फ्याकेको देखेको तथा केही क्षण मै धुँवाको मुस्लो ठूलो आवाजमा त्यो वस्तु विष्फोट भएको थियो । बम विष्फोटपछि कार्यक्रमस्थलबाट सर्वसाधारण भागेका दृश्य एनएचकेको प्रसारणमा देखिन्छ ।

प्रधानमन्त्री किशिदाको लिबरल डेमोक्र्याटिक पार्टीका सदस्य हिरोशी मोरियामाले लोकतन्त्रको आधारस्तम्भ सुदृढ बनाउने चुनावी अभियानमा यस्ता घटना हुनु खेदजनक भएको बताउँदै त्यसलाई उनले अक्षम्य अपराध भनेका छन् ।

जापानमा हिंसात्मक घटना विरलै हुने गरेका छन् तर गत वर्ष चुनावी अभियानका क्रममा पूर्वप्रधानमन्त्री शिन्जो आबेको गाली प्रहारबाट हत्या भएपछि राजनीतिक दलका नेतामा सुरक्षा चिन्ता बढेको छ ।

## ZERO COST RECRUITMENT IN MALAYSIA!!
## मलेसियामा शुन्य लागतको रोजगार !!

**Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).**
**नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र नि:शुल्क यातायात, आवास र खाना (छनौट पस्चात)**

(Company Name) : **GS PAPERBOARD & PACKAGING SDN BHD**
**रोजगारदाता कम्पनी :** जि एस पेपरबोर्ड एण्ड प्याकेजिङ्ग एसडिएन. बिएचडी. सेलेङ्गोर

| पूर्व स्वीकृती मिति- २०७९/१२/११ | लट नम्बर: २८४४६२ | चलानी नम्बर : ६०२०००२३ |
|---|---|---|
| Pre-approval Date - 2022/04/028 | LT No. : 284462 | Consignment No.:60200023 |

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary | | ओभरटाइम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hour/Day | हप्तामा काम गर्ने दिन Working Day/Week | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomo-dation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आर एम RM | ने.रु. NPR | | | | | | |
| औद्योगिक कामदार Factory Worker | ६५ 65 | सो काममा दक्ष Skilled at related work | १५०० 1500 | ४४,५२० 42,520 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup Fee | भिषा शुल्क Visa fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रथान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च Transport, Lodging & Food during final interview & before departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labour approval | हवाई टिकट शुल्क Air ticket expenses | संस्थाको सेवा शुल्क Agency service charge | जम्मा खर्च Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free |

- **यो भर्ती मागपत्र शून्य लागत नीति अन्तर्गत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरू (राहदानी, मेडिकल, भिसा, अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, नेपाल र मलेसियामा लाग्ने बिमा, श्रम स्विकृती, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ । त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कनै शुल्क तिर्न पर्दैन ।** This recruitment is under zero cost policy. All the expenses (Passport, Medical, Visa, Transport, Lodging, Food during interview & before departure, Orientation, Insurance, Air ticket) including Agency service charge will be borne by the employer. So no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.
- **यस रोजगारीको लागि हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, सुन, गरगहना, गाईवस्तु, फोन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं । No other item of value shall begiven or commit to our office or any body** in lieu of fees (Gifts, gold, jewelry, livestock, phone etc.)
- **तपाईंले कसैलाई कुनै शुल्क तिर्न नपर्ने भएकोले, हामी तपाईंलाई कुनै पनि एजेन्ट बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट र बिचौलिया छैन ।** Since youdon't have to pay any fees to any body, we request you to contact directly at our **office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district** representative and agent/middleman any where.
- **यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन ।** No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.
- **हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तै फ्लेक्स, ब्यानर, पर्चा आदि पूर्णरूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं । We request you to fully study & understandjob related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.**
- **रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ ।** Anyone willing to apply for the job must attend our pre-recruitment orientation training session prior **to filling the job application form.**
- **हामी समान अवसर प्रदायक संस्था हौं । त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरूको योग्यताको आधारमा मात्र छनोट गरिन्छ । We are Equal opportunity provider. Hence candidates are selected solely based on their competency without** any type of discrimination.
- **यदि तपाईंसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ । तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज (Money Home Overseas मा पनि सन्देश पठाउन सक्नुहुन्छ ।**

**+९७७-०१-४९८४६८३ । moneyhomeoverseas2009@gmail.com**

If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can **also send us your message on our official Facebook page -**

**Money Home Overseas | +977-01- 4984683 | moneyhomeoverseas2009@gmail.com**

**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय, गोंगबु, काठमाडौंमा मिति २०७९ बैखाख १० र ११ गतेमा हुनेछ ।**
**Final Interview will be conducted at Manpower , Office, Gongabu, Kathmandu on 23 & 24 April 2022 .**

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।**

**Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact de-**tails and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, **company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad** use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact **Department of Foreign Employment(DOFE), Buddhanagar.**

Govt. Lic. No. 863/066/067

## Money Home Overseas Pvt. Ltd.
Post Box. No.: 12937, Gangabu-7, Ktm, Nepal (Opposite of Police Training Center)
Tel.: 01- 4984683, 4985068, 4956752
Email: moneyhomeoverseas2009@gmail.com, info@moneyhomeoverseas.com.np
Website: www.moneyhomeoverseas.com.np

## Invitation for Bids

### The Municipal Executive Office Hanumannagar
**Saptari**
**Madhesh Province, Nepal**
**(Date of Notice Publication : 4th Baishakh, 2080 at 00:00)**

1. ***The Municipal Executive office Hanumannagar*** invites Sealed bids from Nepalese eligible bidders for the following works (given in the Table) under NCB procedures. The Estimated amount for the works **without VAT & Contingencies** are ***NRs. 15,200,000.00***.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from the Municipal Executive Office, Hanumannagar Saptari.
3. Interested & Eligible Bidder may purchase the complete set of Bidding Document from the Municipal Office by the submission of written application along with the copy of Company/or Firm Registration, and should deposit the non-refundable cost mentioned below for the bidding document within the time limit of submission of the bids.

Information about the Bank and respective Account no. to deposit the cost of bidding document is given below in Table.

4. Pre-bid meeting shall be held at ***the Municipal Executive Office*** on ***the date 24th Baishakh, 2080 (7th May, 2023) at 15.00 hrs.***
5. The bids (Sealed) must be submitted to the Municipal Executive Office Hanumannagar by hand or courier on or before ***12.00 Hours*** on ***3rd Jyestha, 2080 (17th May, 2023)***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14.00 Hours on 3rd Jyestha, 2080 (17th May, 2023)*** at the ***Municipal Executive office***. Bids must be valid for a period of ***90 days*** after bid opening and bid security amount mentioned below ***shall be valid for 30 days beyond the validity period of the bid.***
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. ***PPA, 2063 & PPR, 2064*** (including recent amendments) shall govern all other matters not covered in this notice.
9. The bidders are requested to visit and assess the site condition of all the location before bidding.

| SN | Contract ID: | Project Description | Bid Document Fee, NRs | Bid Security Fee, NRs | Bank Details (Rajashwa & Dharauti Khata) | Remarks |
|---|---|---|---|---|---|---|
| 01 | EGP/NCB-GOODS/AGR-LIB)/HNGR/02-079/080 | *Procurement & Delivery of Different Agricultural Tools & Machinery Equipment's for the Agricultural Instrument Library.* | *3000.00* | *450,000.00* | *Rashtriya Banijya Bank(RBB) Hanumannagar 2230100301010002 (Rajashwa) 2230100303000002 (Dharauti)* | |

**Chief Administrative Officer**

## Sudurpashchim Provincial Government
## Ministry of Social Development
**Dhangadhi, Kailali**

## Invitation for Bids

**Date of Publication: 2080/01/03**

1. Ministry of Social Development, Dhangadhi, Kailali invites electronic bids from eligible bidders for following bids under National Competitive bidding-two envelope bidding procedures. Only eligible bidders with the following key qualification should participate in this bidding. The bid validity period of all bid shall be 90 days from the last date of bid submissin.

| S.N. | Contract Identification Number | Description of Work | Average annual construction turnover of the best 3 year within last 10 years | Minumum work experience of simillar size and nature | Bid Security (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | MoSDSupa/Works/08/2079/080 | Construction of Amargadhi Bahuprabidhik Shikshyalaya Buiilding | Nrs. 73.003 Million. | 1 Project about Nrs. 43.802 Million without VAT | 21,90,000/- | 5000/- |

2. Electronic bids must be submitted to Ministry of Social Development, Dhangadhi, Kailali, through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2080/02/02 (May 16th, 2023). Bids received after this deadline will be rejected.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Ministry of Social Development, Dhangadhi, Kailali, Email: mosdkailali07@gmail.com, Contact No: 091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Rastriya Banijya Bank, Dhangadhi Kailali
Name of Office: Ministry of Social Development
Office Code No.: 3500077017
Rajaswa Account no.: 1000100200010000
Rajaswa shirshak No.: 14229

**Province Secretary**

# बक्स अफिस समाचार

# ‘मौलिक सिर्जनालाई महत्व दिनुपर्छ’



गीत संगीतले सजिलै स्रोता र दर्शकको मन र मस्तिकमा प्रभाव पार्न सक्छ। हामीले रचना गरेको गीत संगीतले समाजलाई सकारात्मक सन्देश दिनुपर्छ र हाम्रा गीत संगीतले समाजलाई सरकारात्मक दिशामा डोऱ्याउनुपर्छ भन्ने गायक, संगीतकार बिक्रान्त पोखरेल आफूले सिर्जना गरेको गीत, संगीत आफूलाई मात्र मन परेर नहुने आम दर्शक स्रोताको रुचीको विषय बन्नुपर्नेमा जोड दिन्छन्। उनले हालै सार्वजनिक गरेको ‘भिरमा टुनी छ’ बोलको लोक दोहरी गीतमा जुन शब्द सुहाउँदो स्वर, संगीतको संयोजनको मिठास पाइन्छ त्यसले पनि उनको गीतसंगीत क्षेत्रमा लामो समयसम्म टिकिरहन सक्ने आधार भेटिन्छ। गोरखा, सिरानचोकका स्थानीय वासिन्दा बिक्रान्त पोखरेलले संगीतको क्षेत्रसँगै आफ्नो व्यवसायलाई पनि सँगै अगाडि बढाइरहेका छन्। गीतसंगीतको क्षेत्रमा आफ्नो पहिचान स्थापित गरिसकेका गायक, संगीतकार बिक्रान्त राष्ट्रिय लोक तथा दोहरी गीत गोरखाका सदस्य समेत हुन्। दर्जनौं गीतसंगीतका सर्जक बिक्रान्त पोखरेलका ‘वनमा टाँकी छ’, ‘मेरो माया मार्‍यौ कि’लगायतका गीतहरु चर्चामा छन्। नयाँ सिर्जनाहरु सार्वजनिक गर्ने तयारीमा रहेका गायक, संगीतकार **बिक्रान्त पोखरेल**सँग **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**गीतसंगीतको क्षेत्रमा प्रवेश कसरी भयो ?**

गीतसंगीतमा मेरो सानैदेखि नै लगाव र रुची थियो। अहिले केही समय पहिला आएर अवसर जुऱ्यो।

**डिजिटल युगमा प्रवेश गरेपछि एल्बम निकाल्ने चलन हराइसकेको छ। तर गीत उत्पादनमा झन बढोत्तरी हुनुको कारण ?**

निश्चय नै आजको युग नितान्त प्रविधिमैत्री भैसक्यो। आफूभित्र भएका सिर्जनाहरु हरेक माध्यमबाट दर्शक, स्रोतामाझ पुऱ्याउन सजिलो त छ, तर उपयुक्त, स्तरीय तरिकाले प्रस्तुति र कोसेली दिनका लागि चाहिँ रेकर्डेड गीतहरु नै उपयुक्त हुँदै आइरहेका छन्।

**संगीत क्षेत्रको विकास तथा विस्तारका लागि चुनौती के–के हुन् ?**

हिजोको तुलनामा त आज सांगीतिक बजार धेरै नै विस्तार भएको छ। प्रविधिको कारणले आज हाम्रो सिर्जनाहरु विश्वको जुनसुकै ठाउँमा जो सुकैले सजिलै सुन्न, हेर्न सक्नुहुन्छ तर यसको व्यवस्थापन हुन जरुरी छ।

**संगीतकर्मीले आफ्नो बौद्धिक सम्पत्तिको फाइदा लिन सकेका छैनन् भन्छन् नि ?**

निश्चय नै यो सत्य कुरा हो। केही निराकरण भएपनि धेरै कुराहरु समाधान गर्न बाँकी नै छ। बौद्धिक स्रष्टाहरुले पनि आफ्ना अधिकारका लागि आवाज बुलन्द गर्नुपर्छ जस्तो लाग्छ।

**नामको लागि बिना मिहेनत पनि संगीत क्षेत्रमा प्रवेश गर्नेको लहर बढ्यो भन्छन्, तपाईंलाई के लाग्छ ?**

फाटफुट त्यस्ता बेला मौकामा देखा परिरहेका हुन्छन्। तर अन्त्यमा यसको निर्णय आम दर्शक स्रोताले नै छुट्याइ दिने गरेका छन्। बिना ज्ञान र साधना आउनेहरु लामो समय यस क्षेत्रमा टिकिरहन सक्दैन भन्ने उदाहरण प्रशस्त छन्। आफ्नो क्षमताले दर्शक, स्रोताको मन जित्न नसक्नेहरु क्षणिकका लागि मात्र हुन्।

**नेपाली गीत–संगीत संसारभर रहेका नेपालीमाझ पुऱ्याउन के गर्नुपर्ला ?**

आजको यो प्रविधिमैत्री युगमा त संसारको जुनसुकै कुनामा बसेर पनि नेपाली गीतसंगीत सजिलै हेर्न र सुन्न सकिन्छ।

साथै गुणस्तर र मौलिकतालाई मध्यनरजर गर्दै समयको मागलाई ध्यानमा राखेर गीतसंगीत बनाउनु पर्छ।

**अहिले विभिन्न डिजिटल प्लेटफर्मका कारण घरघरबाट आएका प्रतिभालाई राम्रो–नराम्रो के भन्नु हुन्छ ?**

यो एकदमै सकारात्मक कुरा हो। जसले गर्दा लुकेर रहेका स्रष्टा र सिर्जनाहरु आमरुपमा बाहिर आउन पाएका छन्।

**गायक, गीतकार तथा संगीतकार पनि हुनुहुन्छ आफूलाई के भनेर चिनाउनु हुन्छ ?**

म विशेष गरेर गीति लेखन र संगीत सिर्जना पनि गर्ने गर्छु तर आफूलाई गायकको रुपमा चिनाउन उपयुक्त ठान्छु।

रह्यो कुरा स्रोता, दर्शकहरुको उहाँहरुले मेरा कुन विधा रुचाउनु हुन्छ जुनरुपमा रुचाउनु भएपनि स्वीकार्य छ।

**हरेक क्षेत्रमा जस्तै संगीत क्षेत्रमा पनि चुनौती छन्। संगीत जगतका राम्रा कुरालाई पारख गरेर विकृतिलाई परास्त गर्दै लान के गर्नुपर्ला ?**

हेर्नुस्, जहाँ समस्या नै छैन त्यहाँ समाधान र परिस्कृत हुने मौका पनि हुँदैन। विशेषत: सांगीतिक क्षेत्रमा विविध समस्याहरु छन्, समयसँगै समाधान गर्दै लानसकिने खालका छन् र कतिपय कुराहरु समाधान हुने क्रममा पनि छन्।

**कस्तो खालको गीतसंगीत सिर्जना गर्न रुचाउनु हुन्छ ?**

लोकलयमा आधारित र मौलिक झल्को दिने खालको सिर्जनाहरुमा काम गर्न रुचाउँछु। मायाप्रेमका कथामा आधारित गीतसंगीत पनि सिर्जना गर्दै आइरहेको छु।

**हाम्रो आफ्नोपन, मौलिकता, संस्कृतिलाई संरक्षण, प्रवर्द्धनमा तपाईंको के भूमिका हुनसक्छ ?**

हाम्रो पहिचान भनेकै कला, संस्कृति र मौलिकता भएकोले मौलिक र टिपिकल सिर्जनाहरुमा काम गर्न मन लाग्छ र त्यस्तै खालका सिर्जनाहरु गरिरहने छु। र, नेपाली सांगीतिक बजारलाई अझै श्रीवृद्धि गर्दै लग्नलाई मेरो पनि अहम् भूमिका रहने कुरामा सबैमा विश्वस्त हुन आग्रह गर्दछु।

**गीतसंगीतमा लगानीअनुसारको प्रतिफल भने दिनसकेको छैन भन्छन् नि ?**

अवश्य नै गीतसंगीतको दुनियाँ डिजिटलाइज भइसक्यो। ठ्याक्कै लगानी गरे अनुसारको प्रतिफल जाँच्ने आधार के भन्ने कुरा हुन्छ। व्यवसायमा जस्तो घाटा, नाफाको आंकडा यो क्षेत्रमा जाँच्ने प्यारामिटर त हुँदैन। तर यो क्षेत्रमा लागेर पनि आत्मनिर्भर हुने आजभोलि प्रशस्तै हुनुहुन्छ।

**सर्जकहरू आफ्नो सम्पत्ति संरक्षण गर्ने र आयआर्जन गर्नेभन्दा पनि विभिन्न प्लेटफर्ममा आफ्नो गीतसंगीत बजेको सुनेर मख्ख पर्नुले के संकेत गर्छ ?**

अब यो सबैको हकमा लागू त नहोला तर आफ्नो सिर्जना धेरै भन्दा धेरै स्रोता, दर्शकले सुनिदिउन् र बुझिदिउन् भन्ने सम्पूर्ण कलाकारहरुमा हुने नै भयो नि।

**अन्त्यमा वर्तमान गीतसंगीतको बारेमा के सुझाभ दिन चाहनु हुन्छ ?**

सम्पूर्णमा म के अपिल गर्न चाहन्छु भने राम्रा मौलिक सिर्जनाहरुलाई माया गरिदिनु होला। आगामी केही दिनमा मेरा नयाँ सांगीतिक कोसेली दर्शक स्रोतामाझ आउँदैछ। सुनेर हेरेर प्रतिक्रिया दिनु होला भन्न चाहन्छु।


## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०१/०३**

**रोडोडेन्ड्रन ईङ्गलिस वोर्डिङ्ग स्कूल धनकुटा प्रा.लि.**को मिति २०७९/१२/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एकलब्य फर्मेटिभ इङलिस बोर्डिङ्ग स्कुल प्रा.लि. (प्रा.लि.नं.: ८३६३५)**, साथै साविक ठेगाना परिवर्तन गरी **जिल्ला सुनसरी, धरान उपमहानगरपालिका–६** कायम गर्ने गरी मिति २०७९/१२/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## संस्थापकहरुको विशेष बैठकको सूचना

**प्रकाशित मितिः २०८०/०१/०३**

नेपाल रेटिङ्ग एजेन्सी लि. कम्पनीका संस्थापक डन एण्ड ग्रडस्ट्रिट साउथ एशिया मिडल इष्ट लिमिटेड (Dun & Bradstreet South Asia Middle East Limited) ले नेपाल रेटिङ्ग एजेन्सी लि. को संस्थापकहरुको विशेष बैठकको आव्हान गर्दै कम्पनीका सबै संस्थापकहरुलाई आफै वा आफ्ना अधिकारप्राप्त प्रतिनिधि मार्फत बैठकमा उपस्थीत हुनका लागी यो सूचना जारी गरीएको छ। संस्थापकहरुको विशेष बैठक मिति २०६०/०१/०४ गते (ता. १७ अप्रील २०२३) मध्यान्ह ०३:०० बजे भिडीयो कन्फ्रेन्स मार्फत बस्ने छ भिडीयो कन्फ्रेन्स को लिन्क संस्थापक को इमेल मार्फत पठाइनेछ। संस्थापकहरुको विशेष बैठकको छलफलको विषय देहाय बमोजिम रहने छ।

**छलफलको विषय :**

१. कम्पनी ऐन, २०६३ को दफा १३६ (१) (क) बमोजिम कम्पनीको दर्ता खारेजी गर्ने बारे।

**अधिवक्ता विराज ध्वज थापा**
**कानूनी सल्लाहकार**



## मलेसियामा रोजगार

कम्पनी : MARC CONLETH INDUSTRIES SDN BHD
शहर: SERI KEMBANGAN

पुर्व स्वीकृत मितिः २०७९/१२/३० | चलानी नं.: ६०२०००७९ | L.T. No.: 284664

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४४,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १० गते (23 April 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

PEOPLE HRS PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org
Gov. Lic No. 1475/074/075

## मलेसियामा रोजगार

कम्पनी : LEONG HUAT POULTRY SDN BHD
शहर : Malaysia

पुर्व स्वीकृत मितिः २०७९/१२/३० | चलानी नं.: ६०२०००३८ | L.T. No.: 284551

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Livestock Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४४,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

## UAE मा रोजगार

कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT L.L.C
शहर : DUBAI

पुर्व स्वीकृत मितिः २०७९/१२/३० | चलानी नं.: ६०२०००९० | LT. No.: 284729

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 150 | 100 | स. काममा दक्ष | 800 | २८,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १० गते (23 April 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Empower Human Resources Management Pvt. Ltd
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445 | Email: empowerhrnepal@gmail.com
Mobile No. 9828922999 | 9851190570 | 9849660515 | 9801625801
9860700057 | 9819063243 | 9818328105 | 9814048923

## मलेसियामा रोजगार

कम्पनी : HBT FORCE (M) SDN BHD
शहर : Malaysia, Penang

पूर्व स्वीकृत मितिः २०७९/१२/३० | चलानी नं.: ६०२०००८१ | LT. No.: 284662

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १० गते (23 April 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

ALON OVERSEAS PVT. LTD.
Govt. Lic. No. 1464/074/075
Sinamangal-9, Kathmandu, Tel : 4482413, 4497053
Email: alonoverseas2018@gmail.com | Website: www.alonoverseas.com

## MALAYSIA मा रोजगारको अवसर

कम्पनी: AG PRECISION SDN BHD
शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०७९/१२/३० | चलानी नं.: ६०२०००१४ | LT. No:284620

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४४,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० बैशाख १० गते (23 April 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

BIGYAN HR MANAGEMENT PVT. LTD.
Govt Lic No. 1503/074/075
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477



**Province Government**
**Lumbini Province**
**Ministry of Physical Infrastructure Development**

## Transport Infrastructure Directorate
## Road Infrastructure Development Office

**Bardiya Gulariya, Nepal**

## Invitation for Bids

**(Date of Publication: 2080/01/03, (2023-04-16)**

